बौद्ध मासिक

# धर्म चक्षु


वर्ष-१२, अङ्क-२, पूर्णाङ्क-६४, आश्विन २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११२९ Sep./Oct. 2009





अहिंसा पर्व

विजयादशमी अङ्क



DHARMA CHAKSHU

बौद्ध दृष्टिमा विजयादशमी अहिंसा पर्व हो ।

सम्राट अशोकले हत्याहिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन *विजयादशमी* हो । यस दिवसको उपलक्ष्यमा नेपालमा हत्याहिंसा र बलिप्रथाको अन्त भई सुखशान्ति छाओस् । आरोग्य र वैभवले पूर्ण होस् । यही शुभकामना व्यक्त गर्दछौं ।

# बौद्ध अर्घौं सदन

गौतम बुद्धमार्ग, रामघाट, पोखरा-१०

फोनः ०६१-५२०३६१

बौद्ध दृष्टिमा विजयादशमी अहिंसा पर्व हो ।

सम्राट अशोकले हत्याहिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन *विजयादशमी* हो । यस दिवसको उपलक्ष्यमा नेपालमा हत्याहिंसा र बलिप्रथाको अन्त भई सुखशान्ति छाओस् । आरोग्य र वैभवले पूर्ण होस् । यही शुभकामना व्यक्त गर्दछौं ।

## वीरबहादुर गुरुङ

# WORLD COMMUNICATION

पृथ्वीचोक, पोखरा, फोनः ०६१-५२६३९५

बौद्ध मासिक



# धर्म चक्षु

# The Dharma Chakshu



(Buddhist Monthly)
POKHARA, NEPAL
धर्मशीला बुद्धविहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोनः ०६१-५२०५१७

वर्ष-१२, अङ्क-२, पूर्णाङ्क-६४, आश्विन २०६६, बुद्ध संवत् २५५३, ने.सं. ११२९ Sep./Oct. 2009

## अहिंसा पर्व विजयादशमी अङ्क

प्रधान सम्पादक
**भिक्षु श्रद्धानन्द**
५२०५१७

प्रकाशक
**ज्ञानमाला संघ**

व्यवस्थापक
**अनागारिका कर्मशीला**
(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

सह-सम्पादक
**युवा बौद्ध संघ**

काठमाडौं प्रतिनिधि
**सविता धाख्वा शाक्य**

सहयोगीहरू
**बलबहादुर अधिकारी**
**अञ्जली जोशी**

सम्पर्क कार्यालय
सम्पादक
**तिलकमान गुभाजू**
१४४, नयाँबजार, पोखरा-८
फोनः ५२०२४६
E-mail: dharmachakshu@gmail.com

मुद्रण
**शिव शंकर अफसेट प्रेस**
पृथ्वीचोक, पोखरा, फोनः ०६१-५२८०७३

**मूल्यः रू. २०।-**

## विषय-सूची


| | | |
|---|---|---|
| सम्पादकीय | | २ |
| बुद्धधर्म र बौद्धधर्मसम्बन्धी भ्रम...... | भिक्षु सुशील | ३ |
| नेपालमा खस जाति र बुद्धधर्म (कार्यपत्र) | डा. केशवमान शाक्य | ७ |
| नेपालमा खस जाति र बुद्धधर्म (टिप्पणी) | डा. दिलबहादुर क्षेत्री | १४ |
| बौद्ध धर्मको प्रसारमा ब्राह्मणहरूको भूमिका | डा. राहुल | १७ |
| बुद्ध धर्मसँग सम्बन्धित केही प्रचलित शब्दहरू | भूपनिधि पन्त | १९ |
| उच्च शिक्षाको विकासमा प्राचीन बुद्ध धर्म | तिलकमान गुभाजू | २१ |
| धम्म विजयको दिन विजयादशमी | आस्था | २५ |


**सब्बे तसन्ति दण्डस्स-सब्बे भायन्ति मच्चुनो ।**
**अत्तानं उपमं कत्वा-न हनेय्य न घातये ॥**

**अर्थ** दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखेर सबै काँप्तछन् त्यसकारण आफू झैं सम्झी प्राणीलाई हिंसा नगर्नु र नगराउनु ।

हाम्रो आफ्नो मौलिक धर्म, दर्शन लगायतका विशिष्टता विश्वसामु प्रचार प्रसार गरी नेपाल र नेपालीको गरिमा र प्रतिष्ठा उच्च बनाउनका लागि नेपाललाई बौद्ध देश घोषणा गर्नुपर्दछ । नेपाल बौद्ध देश हुनुपर्दछ ।

## सम्पादकीय

# अहिंसा पर्व विजयादशमी

१. अहिंसा पर्व, अहिंसा पर्व भन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ । देशमा सबभन्दा बढी पशुपंक्षीहरू बलि दिएर खुशियाली मनाउने पर्वमा केको अहिंसा पर्व भन्ने गरिएको पनि सुनियो । वास्तवमा यो अहिंसा पर्व हो र यसको प्रचार प्रसार र प्रभाव बढ्दै गएको छ । जसको परिणाम बलि दिने प्रथा घट्दैछ ।

२. बौद्धहरूले यो अहिसा पर्व २३०० वर्षदेखि मान्दै आएका छन् । उनीहरू यसलाई सम्राट अशोकको जीवनमा आएको परिवर्तनसँग जोड्दछन् । सम्राट अशोक शुरूमा अत्यन्त निर्दयी लडाकु थिए । उनले निर्दयतापूर्वक दबाएर आफ्नो राज्य बिस्तार गरेका थिए । निश्चय नै उनी ठूलो भू-भागको आधिपत्य सम्राट भए, सम्राट कहलिए । त्यसरी राज्य बिस्तारको क्रममा उनले कलिङ्ग माथि हमला गरे । भीषण युद्ध भयो । असंख्य मानिसको ज्यान गयो । युद्धमा उनका नातेदारको पनि निधन भयो । उनी युद्ध मैदान हेर्न गए । जति उनी अगाडि बढ्दै गए, उति उनले लाशहरूको थुप्रो र विभत्सता देखे । लाशहरू क्षतविक्षत थिए, कुहिंदै गएका थिए । स्याल ब्वाँसाहरूले लुछ्दै थिए भने कतै गिद्ध, चिलहरूले चिथोरिरहेका थिए । उनले आफ्ना नातेदारको लाश पनि त्यस्तै अवस्थामा देखे ।

३. त्यो विक्षिप्तता प्रत्यक्ष देखेपछि उनको मनमा अनेक कुरा खेल्न थाले । मन अशान्त भयो । विचलित भयो । उनले न राम्ररी खान सके, न कि निदाउन नै सके, वेचैनीले सतायो । उनी विक्षिप्त भए । त्यसैबेला उनले शान्त चित्तका श्रावणेर निग्रोधलाई देखे । निग्रोध उनका दाजु सुमनका छोरा थिए । उनले निग्रोधलाई बोलाएर उसको अवस्थाबारे सोधे । निग्रोधले आफू अहिंसावादी बुद्धधर्मका अंशियार भएकाले शान्त चित्त भएको बताए र विस्तृत बुझ्न भने गुरू मोग्गलिपुत्र तिस्सलाई सोध्न भने । सम्राटले तिस्स स्थविरसँग विस्तृत रूपले बुझे । सबैकुरा बुझेपछि आफू विश्वस्त भएपछि उनले हत्या, हिंसाको मार्ग त्यागेर शान्तिको मार्गमा लागे, सत्यको मार्गमा लागे । अर्को शब्दमा हत्या, हिंसारूपी युद्धको त्यो अन्धकारमय मार्ग परित्याग गरी शान्ति, मैत्री र अहिंसारूपी जीवन सार्थक पार्ने उज्यालो बाटोमा लागे उनी ।

४. त्यस दिनदेखि कसैले कसैलाई काट्नुपरेन, मार्नुपरेन र आफूलाई मार्न आउलान् कि, काटन् आउलान् भनी डर त्रासको वातावरण पनि भएन । सबै निर्धक्कसाथ आफ्नो जहान परिवारका साथ रमाएर जीवनयापन गर्न थाले । सम्राट अशोकले जुन दिनमा अहिंसा बुद्ध धर्ममा लागेका थिए, त्यो दिन थियो आश्विन शुक्ल दशमी । त्यस दिनमा हिंसा माथि अहिंसाको बिजय भएको, युद्धमाथि शान्तिको र अन्धकारमाथि प्रकाशको विजय भएकोले बौद्धहरूले त्यसबेलादेखि अहिंसा दिवस मान्दै आएका हुन् । राम्रै राम्राको विजय भएका दिन भएकोले विजयादशमी भनिएको हो ।

५. अहिंसावादी बौद्ध दृष्टिकोण फैलिदैछ । अहिंसाको भावना बढ्दैछ । हिजो गर्वसाथ बलि दिनेहरू आज हच्केका छन् । बलिको विरोधमा जनमत तैयार भैरहेछ । अहिंसा पर्वको यो उपलब्धि बढ्दैछ । यस अहिंसा पर्वको उपलक्ष्यमा हामी धर्मचक्षु परिवार सबैमा यही भावना आओस् भन्ने कामना गरी शुभकामना व्यक्त गर्दछौं ।

# बुद्धधर्म र बौद्धधर्मसम्बन्धी भ्रम तथा वास्तविकता

- भिक्षु सुशील

"सुत्त, गेय, व्याकरण, गाथा, उदान, जातक, वेदल्ल, इतिवूत्तक, अद्भूत धर्म' यी नौ बुद्धधर्मका अङ्गहरू हुन्। सूत्रबद्धरूपमा भगवान बुद्ध र उहाँका श्रावक (शिष्य) हरूले दिनुभएका उपदेशहरू 'सुत्त'मा संग्रहित छन्। चित्त र लोकलाई बुझ्नमा बाधा दिने आवरण र आवरण हटाउने उपायसम्बन्धमा देशना गरिएको उपदेश 'गेय' हो। व्याख्या गरी बुझाउनुपर्नेलाई व्याख्या गरी बुझाइएको व्याकरण। कार्यसिद्ध गरी धर्मको उच्चतामा पुग्दा भित्री हृदयदेखि प्रसन्न भएर व्यक्त गरिएको गाथा र उदान् हुन्। अतीतकालमा पनि यस्तो भएको थियो भनी बुझाउन कथानकरूपमा उपमासहित दिएको उपदेश जातक हो। जातकसँग पूर्वजन्मका कुराहरू जोडिएका हुन्छन्। एक व्यक्तिको जीवनमा भएका घटनाहरूको इतिवृत्तान्तको संक्षिप्त हो इतिवूत्तक। उच्चस्तरमा पुगेको मानसिक शक्ति प्रयोग गरी देखाइएको चमत्कारपूर्ण कार्य अद्भुत धर्म हो।

भगवान बुद्धले आफू स्वयम्ले अनुभव गर्नुभएको 'निर्वाण' को अवस्थामा पुग्ने कसरी, सो अवस्थासम्म पुग्नमा आइपर्ने बाधाहरू के-के हुन्, ती बाधा हटाउने उपाय, बाधाहरूले किन भाँजो हाल्ने हो इत्यादि सम्बन्धमा जति पनि उपदेश गर्नुभएको थियो, ती सबैलाई सक्षिप्तमा बुद्धधर्म भन्ने हो। उहाँले आफ्नो जीवनकालमा ८२ हजार धर्म स्कन्ध उपदेश गनुएभएको थियो। यस्तै उहाँका आर्य श्रावकहरूले गरिएका दुई हजार धर्म स्कन्धको उपदेशलाई भगवान् बुद्धले अनुमोदन गर्नुभएको थियो। ती सबैको जोडबाट हुने ८४ हजार धर्म स्कन्ध नै बुद्धधर्म हो। यसलाई अतीतकालमा बुद्धशासन पनि भन्ने गर्दथे। शासन शब्दले आदेश, सन्देश, निर्देशनको अर्थ दिने गर्दछ। वर्तमानमा नियन्त्रण गर्नु, अधीनमा राख्नु अर्थ दिएको पाइन्छ। पुराना ग्रन्थहरूमा शासकहरूले जारी गरिएका आदेशलाई शासन भनिएको पाइन्छ।

भगवान् बुद्धले बनाउनुभएको निर्वाणको अवस्थामा पुग्न आफ्नो विवेक प्रयोग गरी प्रयत्न गर्ने अतीतकालमा भद्रजनहरूले आफ्नो भलो भएको अनुभव गरेका थिए। त्यसैले बुद्धधर्मको उपासना गर्ने उपासक भएका हुन् भनी बुद्धधर्मको इतिहास भन्दछ। आफैंले बुझेर "बुद्धधर्म र संघ" को उपासना गर्ने अतीतकालका महानुभावहरूले आफूलाई 'बुद्धधर्मानुयायी, सुगत शासन पक्षपाती, बुद्ध धर्मावलम्बी' भनेका थिए। आजकाल यसो भन्नेहरूभन्दा आफूलाई "बौद्ध" भनी गर्व गर्नेहरू मात्र देखिन्छन्। बौद्ध शब्द अंग्रेजी "बुद्धिष्ट" शब्दको अनुवाद मात्र हो। अघि, मल्लकालपछि राणा शासनको प्रारम्भसम्म पनि हाम्रो यहाँ बौद्ध भन्ने चलन थिएन। पुराना ग्रन्थहरूमा 'बुद्ध धर्मावलम्बी' लेखिएका हुन्थे। व्यक्तिले अनुशरण गर्ने भएको हुनाले धर्म शब्दले व्यक्ति कुन बाटो पछ्याएर अगाडि बढिरहेको हो भनी बुझाउने गर्दछ। मनको चञ्चल-अस्थिर स्वभावलाई नियन्त्रणमा राखिसक्दा उत्पन्न हुने मानसिक शान्ति अनुभव गरी भव दुःख (जन्म-मृत्यु-पुनर्जन्मको चक्र)बाट युक्त हुने मार्गतर्फ लागिरहेको अथवा ब्रह्मत्व प्राप्त गर्ने उद्देश्यले क्रियाशील भइरहेको बुझाउने शब्द 'श्रमण धर्म र ब्राह्मण धर्म' हुन्। 'समणाति' ति 'समणो' भनिएको छ। यसको अर्थ हो, मनको चञ्चल-अस्थिर स्वभावलाई जसले समण-शान्त गर्न सफलता प्राप्त गरे सो समण वा श्रमण हो। त्यसबेला, भगवान् बुद्धलाई उहाँको गोत्रबाट सम्बोधन गर्नेहरू 'समण (श्रमण) गौतम !' भनी सम्बोधन गर्ने गर्दथे। उहाँले आफ्नो मनको स्वभाव ठम्याएर यसलाई नियन्त्रण गरी शन्तिको अनुभव गृहस्थीहरूले पनि गर्न सकिने बाटो देखाइदिनुभएको थियो।

माथिको चर्चाबाट बुझ्न सकिन्छ कि धर्म व्यक्तिसँग सम्बन्धित हुने गर्दछ। तर वर्तमान हाम्रो समाजले धर्मको व्यक्तिसापेक्ष चरित्रलाई समुदायसापेक्ष बनाएर हेर्ने गरेको पाइन्छ। यसैले जुन कुल-वंशमा व्यक्तिले जन्म लिएको हो सोही कुल-वंशले अपनाई आएको धर्मसँग सम्बिन्धत गरिदिने गरिआएको हो। अघिल्लो समय यस्तो थिएन। आजकाल

खाने-लाउने, शिक्षा ग्रहण गर्ने, व्यापार-व्यवसाय गर्ने, कुनै राजनीतिक पार्टीको सदस्य बन्ने, जस्ता कार्यहरूसम्बन्धमा कुल-वंश परम्पराले छेक्ने गर्दैन। व्यक्तिलाई पूर्णस्वतन्त्रता दिएर आफैंले रोज्ने अवसर दिएको छ। तर धर्मसम्बन्धमाफरक व्यवहार गरिएको छ। आफ्ना बाबु-बाजेले जुन धर्म अनुसरण गरिआएको हो, उनीहरूका सन्तानलाई पनि सोही धर्म-परम्परासँग सम्बन्धित गरिदिने गर्दछ अथवा भनौं सोही धर्म मान्नैपर्ने बाध्यतात्मक परिस्थिति पुऱ्याइदिएको छ। यसो भएको धर्मको व्यक्तिसापेक्ष चरित्रलाई समुदायसापेक्षमा परिणत गरिएको परिणामस्वरूप परेको प्रभावले गर्दा हो। अब प्रश्न उठ्नेछ, यसो हो भने "बौद्ध" वा अन्य कुनै धर्मसँग सम्बन्धित बुझाउने पर्यायवाची शब्दले व्यक्ति जनाउनेछ वा समुदायलाई ? यसको समाधान खोज्नु सजिलो छैन। व्यक्ति जनाउँछ भन्ने हो भने 'बुद्ध शासन पक्षपाती, बुद्ध धर्मानुयायी, बुद्ध धर्मावलम्बी' शब्दले झैं प्रस्ट हुने अर्थ दिएको पाइँदैन। सम्प्रदाय जनाउँछ भन्ने हो भने तब धर्मको पक्षमा उभिनेहरू सबै साम्प्रदायिक हुन् भन्ने प्रश्न उठ्नेछ। यस प्रकारको समस्या त्यसै उब्जेको होइन, गलत वा सही (अनुकूल वा प्रतिकूल) ठम्याउने प्रयासै नगरी पश्चिमको अनुकरण गरेबाट हो। अनुकरणले सबै ठाउँमा राम्रो परिणाम नदिने हुनाले यस्तो समस्या देखापरेको छ।

भगवान् गौतम बुद्धको जीवनकालभन्दा अघिका मानिसहरूले पनि दुःख अनुभव गरेका थिए। आज हामी अनुभव गरिरहेका छौं। भोलिका मानिसहरूले पनि दुःख अनुभव गर्नेछन् नै। जबसम्म जन्म लिनुपर्ने हुन्छ, तबसम्म अनेकौं दुःखमध्ये 'रोगी हुने, बृद्ध हुनुपर्ने, मृत्यु हुने, प्रिय व्यक्तिसित बिछोडको पीडा सहनुपर्ने, अप्रिय व्यक्ति वा वातावरणमा बस्नुपर्ने, इच्छा गरेको प्राप्त नहुने' यावत् स्वभाव व्यक्तिले नचाहँदा-नचाहँदै पनि सामना गर्नुपर्ने नै हुनेछ। यस्तो अवस्थाको सामना गर्नुपर्ने मुख्य कारण जन्म लिनुपरेकोले नै हो। यसप्रकारको स्वभाव समय बदलिदैमा बदल्ने गर्दैन। यति कुराबाट पनि थाहा पाउन सकिनेछ कि विचारधारा, दर्शन र बुद्धधर्ममा कतिको अन्तर छ।

दर्शन र विचारधारा कुनै एक पक्षसँग सम्बन्धित हुने गर्दछ। कुनैपनि पक्ष नलिने दर्शन-विचारधारा हुने गर्दैन। बुद्धधर्मले पक्षधरताबाट किन मुक्त हुनुपर्दछ भनी बुझाइदिनेछ। बुद्धधर्मलाई दर्शन भन्ने हो भने यो 'थेसिस' हो अथवा 'एन्टिथेसिस' निक्यौंल गरी भन्नुपर्ने हुन्छ। थेसिस र एन्टिथेसिस दुवै होइन भन्ने हो भने तब 'सिन्थेसिस' हो त ? प्रश्न उत्पन्न हुनेछ। बुद्धधर्मले पुनर्जन्मलाई अस्वीकार गरेको छैन, यस्तै अनात्म पनि भन्दछ। पुनर्जन्म र अनात्म एकको विपरीत अर्को हो। यसैमा केन्द्रित भएर कोही कसैले भन्न सक्दछ-बुद्धधर्मले पुनर्जन्म र अनात्मको पक्ष लिने गरेको त छँदैछ। तब यो भन्नुपर्ने आवश्यक हुनेछ कि पुनर्जन्मको पक्षमा उभिनु र पुनर्जन्मको अवस्थामा पुऱ्याइदिने स्वभाव (कारण) लाई बुझ्नु एउटै कुरा होइन।

पुनर्जन्मको पक्षमा उभिँदा 'थेसिस' बनाएको हुनेछ। पुनर्जन्मको विपरीत अनात्मको मात्र पक्ष लिंदा 'एन्टिथेसिस' बनाउन पुग्नेछ। पुनर्जन्म र अनात्म दुवैलाई समेटिएको हुनाले बुद्धधर्मलाई 'सिन्थेसिस' भन्ने हो भने यो पनि सुहाउँदो छैन। किनभने, बुद्धधर्मले पूर्णनिषेध अथवा निरोध-निर्वाण अवस्थामा पुग्न घच्घच्याइरहेको छ। निर्वाणलाई लक्ष्यको रूपमा देखाइएको हुनाले यसैलाई 'थेसिस' मान्ने हो भने यो पनि उचित छैन। निर्वाण कुनै विचारधारा होइन, न त यसलाई दार्शनिक व्याख्याले बुझाउन नै सकिन्छ। निर्वाण अमूर्त अवस्था हो। अमूर्तलाई साधन बनाएर मानिसहरू विवाद गर्न त सक्छन् तर कसैले कसैलाई प्रस्ट्याइदिन सम्भव हुनेछैन। यदि यसो हो भने मूर्तरूपमा जीवित मानिसका लागि अमूर्त अवस्थाको निर्वाण उपयोगी हुन्छ त भनी प्रश्न उठाउन नसकिने होइन। यसको समाधान रोगी र डाक्टरको सम्बन्ध बुझ्नसकेमा सम्भव हुनेछ।

कुनैपनि रोग मूर्त हुने गर्दैन। घाउ भएर रगत बगेको, हात-खुट्टा भाँचिएको, वमन गरेको, वेदना सहन नसकेर छट्पटिएको देह देख्न सके तापनि रोग दृश्यरूपमा देखापर्ने गर्दैन। रोगी स्वयम्ले समेत देखेको हुँदैन, अनुभव मात्र गरेको हुनेछ भने अन्यले देख्न सम्भव नै हुँदैन। तर पनि डाक्टर-चिकित्सकले उपाय गरी रोगीलाई रोगमुक्त अवस्थामा पुऱ्याइदिएको हुने गर्छ। यस्तै नै भगवान् बुद्धले पनि मानिसहरूमा विद्यमान

संस्कारको रोग, तृष्णाको रोग, पुनर्जन्मको रोगबाट मुक्त हुने उपाय बताउनुभएको हो । सो अवस्थाबाट मुक्त भई निर्वाण अवस्थामा पुग्ने बाटो देखाइदिनुभएकोले यो मूर्त नभए तापनि अनुभव गर्न सकिने हो ।

यसो भए तापनि बुद्धधर्मलाई दर्शनको समकक्षमा राखेर हेर्ने गरेको पनि पाइन्छ । दर्शनले ज्ञानको पूर्णअवस्था भनेको देखिदैन । मात्र के भन्ने गर्दछ भने दर्शनले ज्ञानको ढोका उघार्नमा सहायता गर्छ । बुद्धधर्मले पनि "दस्सन प्रहाण" (प्रचलित भाषामा दर्शन ग्रहण) भनिएको छ । कुनै-कुनै (सबै होइन) दुःखलाई ज्ञानको सहायताले हटाउन सकिनेछ भनी बुझाउन मात्र दस्सन पहाण भनिएको भए तापनि यसलाई स्ट्रेटेजीको रूपमा सीमित पनि पारिएको छ । स्ट्रेटेजीलाई नै धर्म भन्न सुहाउँदैन । स्ट्रेटेजीले उद्देश्यसम्म पुग्न सहायक भूमिका मात्र निभाएको हुनेछ । अब प्रश्न उठ्नेछ कि बुद्धधर्म र बौद्धधर्म के एउटै हो ? बुद्धधर्म र बौद्धधर्म एउटै होइन भन्ने हो भने यो प्रस्ट गरिदिनुपर्ने हुनेछ कि बौद्धर्धमको आविष्कारक को हो ? यसलाई सर्वप्रथम यो संसारमा परिचित गराउने व्यक्ति को हो ? बुद्धधर्मको आविष्कारक भगवान् गौतम बुद्ध हो भनी सबैले स्वीकार गरिआएका नै छन् । बौद्धधर्मको आविष्कारक पनि उहाँ नै हो भन्ने हो भने तब बुद्धधर्म भन्न छोडेर बौद्धधर्म भन्नुपरेको किन ? प्रस्ट गरिदिनुपर्ने हो । तर व्यवहारमा यसो भएको हामी पाइरहेका छैनौं । किन ?

बुद्धधर्मलाई बौद्धधर्म, बौद्धदर्शन, बुद्धोलोजी भनी प्रयोगमा ल्याइरहेको वास्तवमा 'मेटाथेसिस' गरिएको हो । 'मेटाथेसिस' शब्द भाषा विज्ञानसँग सम्बन्धित छ । यसले शब्दको रूप बिगारेको देखाउँछ । उच्चारण गर्न सजिलो बनाउन जसरी शब्दको रूप बिगारिदिने हो, यस्तै बुद्धधर्मको अनुकूल आफू बन्ने क्षमता अभावले आफ्नो अनुकूल बुद्धधर्म बनाउन मेटाथेसिस गरिएको हो । वास्तविकतालाई बिगारिदिने, एक अवस्थाबाट अन्य अवस्थामा परिवर्तन हुने स्वभावलाई बुद्धधर्मले 'अनित्य' सञ्ज्ञा दिएको छ । यसो हुनुबाट पनि बुद्धधर्मको सार्वभौमिक सत्य प्रमाणित भएको नै देखाउँछ ।

✳


हत्या, हिंसा, प्रतिहिंसाको भावना अन्त भई सद्‌भाव, सहअस्तित्व र समझदारी बढोस् ।
यही हाम्रो शुभकामना छ ।

सद्‌धर्म सभा
धर्म संघ बुद्ध विहार
मोहरियाटोल, पोखरा

सम्राट अशोकले युद्धको विभीषिका अवबोध गरी बुद्धधर्ममा लागेको दिन **विजयादशमी** हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना छ ।

विश्व शान्ति
स्तूप समिति
अनदु, मीनथुम्की, पोखरा.

*बौद्ध दृष्टिमा विजयादशमी अहिंसा पर्व हो ।*

सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन विजयादशमी हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना छ ।

## गान्धेन घार्ग्येलिङ गोम्पा

छोरेपाटन, पोखरा-१७

हत्या, हिंसा, प्रतिहिंसाको भावना अन्त भई सद्भाव, सहअस्तित्व र समझदारी बढोस् ।

यही हाम्रो *शुभकामना* छ ।



## ***श्री नेपाल लामा संघ***

केन्द्रीय कार्यालय

**टासी छ्योलिङ गोम्पा परिवार**

पोखरा, फोनः ५२४१२४

सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन **विजयादशमी** हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना छ ।

## ज्ञानमाला संघ

## धर्मशीला बुद्ध विहार

धर्मशीला मार्ग, नदीपुर, पोखरा

फोनः ५२०५१७

सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन विजयादशमी हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना छ ।

## सुखवती बौद्ध गोम्पा

सुखवतीघाट (गाईघाट), पोखरा-१

# नेपालमा खस जाति र बुद्धधर्म

– डा. केशवमान शाक्य

## भूमिका :

नेपालमा आफूलाई खस क्षेत्रीको पहिचान दिने जातिभित्र तीन किसिमका सामाजिक समूहहरू विद्यमान छन्- मतवाली, तागाधारी र ठकुरी। यी तीनवटा समूहहरू नेपालका विशिष्ट प्रकारका क्षेत्रीहरू हुन्। नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि यी समूहहरूले खस पहिचानमा आफूलाई पनि आदिवासी जनजातिमा सूचिकृत गर्नुपर्ने माग गर्न थालेका छन्। आदिवासी जनजातिको मौलिक परिभाषाअनुसार हिन्दू वर्णाश्रमभित्र नपर्ने समतामूलक समुदाय जसको आफ्नै भाषा, संस्कृति र आदिथलो भएको भन्ने हो। खसले आफूलाई आदिवासी जनजाति भन्नुको तात्पर्य त्यो समुदायले हिन्दू वर्णाश्रम अनुसारको क्षेत्री पहिचान परित्याग गर्न खोज्नु हो। क्षेत्री भनेको जाति नभै हिन्दू वर्णाश्रमअनुसार बाहुन, क्षेत्री, वैश्य, शुद्रमध्येको बाहुनपछिको दोस्रो दर्जाको सामाजिक वर्ण हो। खस भनेको जाति हो र नेपालको इतिहास विकासको क्रममा सुदूर पश्चिम नेपालमा विकास भएको आदिवासी हो। साथै खस जातिकै ठकुरीमध्येको शाह परिवारको राजतन्त्रको समाप्तिपछि यो जाति अब नेपालको एउटा जनजाति (Nationality) को रूपमा विद्यमान हुन आएको पनि हो। हाल खस जातिले कतै खस क्षेत्री, कतै क्षेत्री मात्र र कतै खस मात्रको पहिचानमा जातीय रूपमा सङ्गठित गर्दै राज्य पुनर्संरचनामा सहभागी हुन आएको छ। संघीय शासन व्यवस्थामा खसान/कर्नाली राज्यको मागको साथै राज्यका सम्पूर्ण अङ्गमा समानुपातिक समावेशीकरण हुनुपर्ने नारा पनि उठाएका छन्।

यस कार्यपत्रमा उठाउन खोजेको विषय भनेको खस जातिसँग बुद्धधर्मको नाता के कस्तो रहेको छ र उनीरूले आफूलाई हिन्दूभन्दा पनि बौद्ध भन्नुमा धेरै सार्थकता छ भन्ने हो। यस प्रतिवादको आधार भनेको सुदूर पश्चिम नेपालको खस जातिको सामाजिक र साँस्कृतिक स्वरूप र खस साम्राज्यको इतिहासमा देखिएको बुद्धधर्मको उच्च स्थान नै हो। साथै नेपालको वर्तमान राजनैतिक बहसमा खस जातिले धर्म र जातीय राजनीतिमा खेल्नुपर्ने भूमिका बारे पनि स्पष्ट पारिनेछ।

## खस को हुन् ?

खस जाति बारे अध्ययन अनुसन्धान गर्ने विद्वान्हरूले खसहरूबारे अनेक अड्कलहरू गरेका छन्। खसहरूको उद्गम थलोको बारेमा विचार राख्नेहरूले पश्चिम इरानको खशिस्तान, ककेशस पर्वत, क्याशिपयनसागर, अफगानिस्तानको खस मरूभूमि र खस नदी, बाल्हीक प्रदेशको बडा खसान, हिन्दुकु पर्वत, काशगर, काश्मिर, कुमाउँ गढवालको खसमण्डल हुँदै नेपालको पश्चिममा कर्नाली प्रस्रवण क्षेत्रमो रहेको खस साम्राज्यसम्म देखा पर्दछन्। हाल आएर नेपालका क्षेत्रीहरूले आफूलाई खस भएको दावी गरेका छन्।

नेपाली इतिहासको सन्दर्भमा नेपाली खसहरूको ऐतिहासिक थलो कर्नाली प्रदेश हो। खसहरू हिन्दू वर्णाश्रमबाट प्रभावित भएपछि क्षेत्री वर्ण धारण गरे, तर ईशापूर्व दोस्रो शताब्दीतिर रचिएको मनुस्मृतिमा झल्ल, मल्ल, लिच्छवि, नट, करण, खस र द्रविदलाई ब्रात्य क्षेत्रीय भनिएबाट यिनीहरूलाई तल्लो दर्जाको क्षेत्रीको मान्यता दिइएको बुझिन्छ। ब्रतवन्ध संस्कारका लागि अयोग्य तथा गायत्री जप नगर्ने भ्रष्ट क्षेत्रीहरूलाई ब्रात्य भनिन्छ भनेर मनुस्मृतिमा परिभाषित गरिएको छ। मनुस्मृतिमा खसहरूलाई कहीं वृषल (शूद्र) भएका क्षेत्रीय पनि भनेका छन्। कर्नाली प्रदेशका मतवाली क्षेत्रहरूले पुरानो रूप मान्दा अत्युक्ति नहोला। केही खस क्षेत्रीहरूलाई धेरै कालपछि मात्र बाहुनहरूले जनाई लगाइदिएको देखिन्छ।

लगभग पाँचौं शताब्दीदेखि खस मूलका मानिसहरू कुमाउँबाट पश्चिम नेपाल प्रवेश गर्न थालेको अनुमान हुन्छ। बाह्रौं शताब्दीबाट आइपुग्दा खस साम्राज्य स्थापना भएपछि खस अस्तित्व गौरवमय भएको देखिन्छ। पृथ्वीनारायण शाहले वर्तमान नेपाल

निर्माण गरिसकेपछि खसहरूको शासन व्यापक हुनगयो । शाहकाललाई खस अहंकारवादसम्म पनि भनियो । पश्चिम नेपालमा खस क्षेत्रीहरूको बाहुल्यता यद्यपि छ भने नेपालको जनसंख्यामा सबैभन्दा ठूलो जाति खस नै देखिन्छ । सन् २००१ को जनगणनाअनुसार क्षेत्री (खस) हरू १७ प्रतिशत, दलितहरू १३ प्रतिशत, जनजातिहरू ३८ प्रतिशत, दलितहरू १३ प्रतिशत, मधेशी १४ प्रतिशत, मुस्लिम ४ प्रतिशत र अन्य २ प्रतिशत छन् ।

बाहुनहरूले आफूलाई आर्यजाति मान्दछन् । आर्यहरूको उद्गम थलो हालको इरान (आर्यान), इराक (आर्याक), अरब (आर्याब), सिरिया (श्रीआर्य) आदि क्षेत्रहरू हुन् । यिनीहरू दक्षिण पाकिस्तानबाट छिरेर सिन्धुनदीको मैदान हुँदै गंगा नदीको मैदानतिर सर्दै आएका जाति हुन् र दश बाह्र शताब्दीतिर उत्तरको पहाडी भू-भाग छिरेको देखिन्छ । कर्नाली प्रदेशतिर बाहुनहरू थोरै संख्यामा छन् र धेरै पछि मात्र पुगेका हुन् । राजसत्ता प्राप्त गर्ने खसहरू ठकुरी बनेको र अन्य कतिपय खसहरू जनै लिएर तागाधारी-क्षेत्री बनेको निश्चित छ । ठकुरी र क्षेत्रीहरूमा धेरै संख्यामा मगर जाति पनि मिसिएका छन् । त्यस क्षेत्रमा पाइने दलितहरू भने खसहरू आइपुग्नुभन्दा पहिलेका अविकसित अनादिवासीहरू हुन सक्दछन् । मतवाली क्षेत्रीहरूलाई पावई खस पनि भनिन्छन् । रामनिवास पाण्डेको कथनअनुसार पावईहरू गोरखपुर नजिकको पावा राज्यबाट बुद्ध जीवित छँदै कोसलको हमलाबाट भागेका मल्लहरू हुन् । सत्तामा पुगेकाहरूले मल्ल थर लिएर ठकुरी पहिचान लिए भने अन्य मतवाली क्षेत्री भएर बसे ।

बुद्ध जीवित छँदै कोसलले शाक्य, कोलिए, मल्ल गणराज्यहरूमा हमला गरेका थिए । केही शाक्य र कोलियहरू भागेर काठमाडौं उपत्यका पसेको कुरा मूलसर्वास्तिवाद सूत्रमा उल्लेख गरिएको छ । केही शाक्य र कोलियहरू कर्नाली प्रदेशतिर पनि पुगेको कुरा यशोवर्माको (अछामि राऊला) अछाम जयगढको चौतारीमा ठड्याइएको एक शिलापत्रमा 'ॐ मणिपद्मे हूँ महामण्डलेश्वर बुद्ध कुलावतार श्री यशब्रम्हश्चिरं जयतु' लेखिएकोबाट केही संकेत मिल्दछ ।

## खस साम्राज्यको बौद्ध इतिहास :

वर्तमान नेपालको मध्य र सुदूर पश्चिमाञ्चल खस साम्राज्यको इतिहासभित्र पर्दछन् । यो क्षेत्र कर्नाली पस्रवण क्षेत्र पनि हो । पृथ्वी मल्लको दुल्लुस्थित ढुंगाको प्रसिद्ध कीर्तिस्तम्भ अभिलेख (वि.सं. १४१४) यस क्षेत्रको बौद्ध इतिहासको सबैभन्दा महत्त्वपूर्ण प्रमाण बन्न गएको छ । यो शिलालेखको दुवै पाटाको शिरमा बौद्ध चैत्य, प्रसिद्ध बौद्ध मन्त्र 'ॐ मणि पद्मे हुँ' रञ्जना लिपिमा अङ्कित छ । यस कीर्तिस्तम्भमा पृथ्वी मल्लले आफ्ना बाबु पुण्य मल्ल र आमा शकुनमाला तथा आफ्नी रानी र छोरीका नामसमेत लेखाएका छन् ।

यस प्रदेशको बौद्ध इतिहास र खस साम्राज्यको इतिहास तिब्बतको खारी प्रदेशका राजा नागराज जावेश्वरले विक्रम सम्वत् बाह्रौं शताब्दीको मध्यतिर कर्नाली प्रदेशका पाल राजाहरूलाई पराजित गरी जुम्ला सिञ्जालाई राजधानी बनाएर शासन चलाएपछि शुरू हुन्छ । तिब्बतमा बुद्धधर्मको प्रभाव बलियो रहेकोले नागराज बौद्ध हुनु स्वाभाविक थियो । तिब्बती वंशावलीमा नागराज पहिले बौद्ध भिक्षु बनेको पनि उल्लेख छ ।

नागराजको शासन कुमाउँ गढवालसम्म फैलिएको थियो । गढवाल बाराहटमा प्राप्त बुद्धमूर्तिको पादपीठमा रञ्जना लिपिमा भट्टारक नागराजले राखेको स्तुप भन्ने एउटा संक्षिप्त अभिलेख प्राप्त भएकोले नागराजको साम्राज्यको फैलावट गढवालसम्म थियो । साथै त्यहाँसम्म पनि बुद्ध धर्मावलम्बीहरू थिए भन्ने कुराको संकेत गर्दछ । नागराजपछि चाप, चपिल्ल, क्राशिचल्ल, क्राधिचल्ल राजा भए । क्राधिचल्लपछि राजा भएका क्राधिचल्ल देव (वि.सं. १२६४-८०) नागराजपछि खस साम्राज्यको इतिहासमा उल्लेखनीय रहे । यिनैका पालादेखि तिथिमिति युक्त इतिहासको प्रामाणिक जानकारी हुन थाल्दछ । आफूलाई परमसौगात (बुद्धका ठूला उपासक) लेखाई बुद्धधर्मको प्रवल अनुयायी भएका थिए । तिब्बतको वंशावलीमा उनले ७० ब्रे तौलको सुनको मञ्जुघोष, २४ ब्रे तौलको सुनको स्तुप, सेता चाँदीका ५०० रूपियाँको शम्बर र १२०० रूपियाँको मैत्रेय बुद्धमूर्ति अर्पण गरेको बताइएको छ ।

क्राचल्लपछि उनका छोरा अशोक चल्ल (वि.सं. १२८०-१३४४) राजा भए। अशोक चल्लको पालामा खस साम्राज्यमा कर्नाली प्रदेश, गण्डकी प्रदेश, खारी प्रदेश, केदारखण्ड कुमाउँ-गढवाल र संभवतः लद्दाख समेत समाविष्ट थिए। खस साम्राज्यको सबैभन्दा प्रतापि सम्राट अशोक चल्ललाई 'सपादलक्ष शिखरि क्षमापाल चूडामणी' (सवालाख पर्वत देशका राजाहरूका मुकुटमणी) भन्ने वाक्य कुमाउँ गढवालका पुरूषोत्तमसिंहले बोधगयामा बुद्धमूर्तिसहितका गन्धकुटी बनाउँदा अभिलेखमा लेखेका छन्। अशोक चल्ललाई 'अभिनव बोधिसत्वावतार' को रूपमा वर्णन गरिएको छ। मगध राजा अशोकले जस्तै आफैंले धर्मयात्रा गर्न नसके तापनि बौद्धहरूले धर्मयात्रा गर्नुपर्ने संवेजनीय स्थानमा दानधर्म गरेको अभिलेख पाइएको छ। बोधगयाको एउटा अभिलेखमा प्रवरमहायानका अनुयायी परमोपासकको सारा गुणधर्म सम्पन्न भएका श्रीमद् अशोक चल्ल देवको दानको वर्णन छ। यस अभिलेखले अशोक चल्लले आफ्ना पुज्य काश्मिर पण्डित भदन्त गुचपथी, राजगुरू पण्डित मुशल, शंकरदेव आदि पात्र (भारदार) पठाएर बुद्धमूर्ति निधान गरी विहार बनाएको वर्णन छ। अर्को अभिलेखमा प्रवरमहायानका अनुयायी परमोपासक हेवज्रका चरणरूपी कमलका धुलाका भ्रमरा वा राजाहरूमा सपादलक्ष (सवालाख) पर्वत शिखरका खस देशा महाराधिराज श्री अशोक चल्लका कान्छा भाइ राजकुमार श्री दशरथका सेवा गर्ने भण्डारिक सत्यवचन बोल्ने, बोधिसत्वको अनुशरण गर्ने क्षेत्रीय कुलदीप श्री सहणपालको दानधर्मको वर्णन छ।

अशोक चल्लको पालामा कर्नाली प्रदेशमा राखेका बुद्धमूर्ति, विहार र चैत्यहरूका अन्य भग्नावशेषहरूमा दुल्लु पादुकास्थानका अक्षोभ्य बुद्धमूर्ति खस साम्राज्य कालको सबभन्दा महत्त्वपूर्ण देखिन्छ। एउटा शिलास्तम्भमा कुँदिएको यो बुद्धमूर्ति अति सुन्दर छ। यसमा कुँदिएका अभिलेखमा 'ॐ नमो बुद्धाये:। स्री अशोक् चल्लदेव स्चिरंजयतु:। साउना कार्की र साऊका कर्क्यानिको देवल:।' लेखिएको छ। यस अभिलेखमा उल्लेखित यो बुद्धमूर्ति बनाई चढाउने व्यक्तिहरू सउना कार्की र साऊका कर्क्यानि भएकोबाट त्यसबेलाका साऊँद र सौका जातिका कार्कि/कर्क्यानि (कर अधिकारी) रहेको कुरा स्पष्ट हुन्छ। त्यसबेला राजाहरू मात्र नभई कर्मचारीहरू समेत बौद्ध रहेको देखिन्छ भने त्यस भेगका आदिवासी साऊँद र सौकाहरू पनि बौद्ध भएको कुरा प्रमाणित हुन्छ। यो अभिलेख खस भाषामा लेखिएका पहिलो लिखित प्रमाण पनि हो। यसबाट खस भाषाको अभिलेख्य रूपमा अशोक चल्लकै पालामा शुरूआत भएको देखिन्छ।

सुर्खेतस्थित हाल भग्नावशेष रूपमा रहेको काँक्रेविहार उनैका पालामा निर्माण भएको महशुस हुन्छ भन्ने कुरा प्रा. डा. सूर्यमणि अधिकारी तर्क गर्नुहुन्छ। अशोक चल्लपछि उनका छोरा जितारी मल्ल राजा भए। जितारीले चल्ल थर छोडी मल्ल पद धारण गर्न शुरू गरेका हुन्। रामनिवास पाण्डेका अनुसार यो मल्ल पद धारण गर्नुको पछाडि यो बंश पावा कुशिनगरबाट आएका मल्लहरू हुन् भन्ने देखाउन पनि हुन सक्दछ। जितारी मल्लले नेपाल उपत्यका तीन चोटी आक्रमण गरे र स्वयम्भू र बुंगमलोकेश्वरको पूजा गरेका थिए। ललितपुरमा एक महिना बसी यसलाई पाटन नाउँ राखेभने कान्तिपुरको काठको मन्दिरलाई काठमाडौं नाम राखेका हुन्। अशोक चल्लका अर्का छोरा आनन्द मल्ल भोटको शाक्य गोम्पामा भिक्षु बनेको थियो। आनन्द मल्लले स्वर्णपत्रमा बौद्ध ग्रन्थ 'कंग्यूर' सार्न लगाएका थिए। आनन्द मल्ललाई पनि "श्री हेवज्रपादपद्म परिचर्या परायण" भनेर लेखिएको छ। सिञ्जाका ठकुरीहरूले आनन्द मल्ललाई आफ्ना पुर्खा जालन्धरी राजा भनेर मान्दछन्।

जितारी मल्लको देहान्तपछि आदित्य मल्लभन्दा पहिले भतिजा रिपु मल्ल दुई वर्ष (वि.सं. १३६९-७०) मात्र भएपनि राजा भएर प्रसिद्धि कमाएको थियो। गोपाल वंशावलीअनुसार वि.सं. १३६९ मा खसिया राजा रिपु मल्लले बुंगमतीमा न्हवन गराउनुभयो, सन्हं चढाउनुभयो। 'ग्वलमा प्रसं' बस्नुभयो, स्वयम्भू चैत्यमा 'बाहृ सवति (बाहालमा भिक्षु भएका सबैलाई) भोज' खुवाई १८ दिन जति बसेर फर्के। रिपु मल्लले लुम्बिनी र निग्लिहवाका अशोक स्तम्भमा प्राचीन नेपालाक्षरमा "ॐ मणिपद्मे हूँ, श्री रिपु मल्लस्थिरं जयतु १२३४"

कुँदाएका थिए । सुर्खेत काँक्रेविहारमा रिपु मल्लको समयमा "अभिसमयालंकार" भन्ने बौद्ध ग्रन्थ सार्ने काम भएको थियो । यस ग्रन्थको पुष्पिका वाक्यमा "विक्रम संवत् १३७० फागुण कृष्ण द्वितीया, शनिरबारका दिन सुर्खेतमा राजराजेश्वर लोकेश्वर श्री रिपु मल्लदेवको राज्यमा यो ग्रन्थ "अभिसमयालंकार" सारियो लेखिएको छ । यो ग्रन्थ तिब्बतको पोष्करण गोम्पामा सुरक्षित रहेको थियो । तिब्बती वंशावलीले रिपु मल्ललाई "धेरै भारतीय राज्यका अधिपति" भनिएको छ । सिञ्जाको चौकीखोला नजिक रहेको एक अभिलेख अनुसार रिपु मल्लले लोकनाथको पाउको ध्यान सम्बन्धी सबै अर्थ (मनोकामना) सिद्ध हुने "लघुरत्नत्रय" भन्ने विद्या (पुस्तक) लेखेको कुरा उल्लेख छ ।

आदित्य मल्लको राज्यकालपछि उनका छोरा कल्याण मल्ल राजा नहुँदै दिवगत भएका र नाति प्रताप मल्ल राजा हुनुभन्दा पनि भिक्षु हुन रूचाउँदा राजगद्दीमा उनका छोरी ज्वाइँ पुण्य मल्ललाई राजा बनाइयो । यही नागवंश टुंगिन्छ र गेलावंशको जयपालको छोरो पुण्यपाललाई ढोलाजी प्रथा अनुसार पुण्य मल्लको नाउँले पहिलो राजाको राज्यभार पाएको देखिन्छ । पुण्य मल्लले आफूलाई "श्री घनाराधनागतप्राज्यराज्यरक्षाक्षम" अर्थात् बुद्धको आराधनाले पाएको ठूलो राज्य रक्षा गर्न सक्षम भएको भनेको छ । वि.सं. १३९१ मा पुण्य मल्लको पालामा नेपाल उपत्यका आक्रमण गरेका थिए । शाके १२५० को ताम्रपत्रमा गोर्खा ताघवाई गोम्पामा व्यवस्था बाँधिएको पाइएको छ । शाके १२५८ को एक कनकपत्रमा "अत्र साक्षिणौ सूर्यचन्द्रमसौ बुद्धधर्म संघ" लेखिएकोले उनले सूर्य, चन्द्रसँगै बुद्ध, धर्म, संघलाई पनि साक्षी रूपमा उल्लेख गरेको छ । शाके १२५९ को अर्को कनकपत्रमा "परमेश्वरपरमसौगत कुल कमल" लेखिएको छ ।

पुण्य मल्लका जेठो छोरा श्री मल्ल थियो र दुल्लुको प्रसिद्ध शिलास्तम्भ राख्ने पृथ्वी मल्ल अर्को छोरा थियो । श्री मल्ल राजा नहुँदै दिवगत भएकोले पृथ्वी मल्ल राजा भए । पृथ्वी मल्लले पूर्वतिर नेपाल उपत्यका, पश्चिमतिर कुमाउँ, गढवाल, उत्तरतिर तिब्बतको पश्चिम भूमि र दक्षिणतिर सुर्खेतसम्म अधिनमा राखेको देखिन्छ । पृथ्वी मल्लले आफ्नो राज्यमा बसेका सबै भिक्षुहरू, ब्राम्हण, धर्मभाणक र सुत्तधरहरूलाई सबै प्रकारका कर नलिने गरेको कुरा दुल्लु शिलास्तम्भमा लेखिएको छ । धर्मभाणक र सुत्तधर शब्दहरू बुद्ध शासनको इतिहासमा अत्यन्त प्रसिद्ध र महत्त्वपूर्ण छन् । बुद्धको उपदेश (त्रिपिटक) चतुर्थ संगायनाबाट श्रीलंकामा लिपिबद्ध हुनुभन्दा अगाडिसम्म गुरू शिष्य परम्परामा कण्ठ गर्न लगाउने निकाय मध्येका सुत्तपिटक कण्ठ गर्ने भिक्षुहरूलाई सुत्तधर र अभिधर्मको उपदेश दिनेहरूलाई धर्मभाणक भनिन्छ । उनका पालामा अमात्य जगतसिंह राउलाको रेखदेखमा तराईबाट शीतकालीन राजधानी दुल्लु र ग्रीष्मकालीन राजधानी सिञ्जा हुँदै दक्षिण-पश्चिमी तिब्बत जाने मार्गलाई सुधार गरी राजमार्गको रूप दिइएको थियो । राजमार्गका किनारमा धर्मशाला र पनेराहरू निर्माण गरिएका थिए । दुल्लुबाट कालिकोट जाने बाटोमा हाउडीको लेकनेर ओडारजस्तो प्रस्तर निर्मित धर्मशाला अद्यावधि छ । दुल्लुको उकालोमा अमात्य देववर्माले बनाएको पात्थर नाउलीमाथि पाँचवटा चैत्य बनाएको कुरा शाके १२७६ को शिलालेखले प्रमाणित गरेको छ । त्यस्तै अछामको कूची चैत्यको शाके १२७६ को शिलालेखमा "श्री देव वर्मा जय पुण्येन सर्वे सत्वा सुखिनो भवन्तु" वाक्य लेखिएको छ । शाके १२७७ को दुल्लु दुल्लभेश्वरको जयसिंहको शिलालेखमा "ॐ मणिपद्मे हूँ-सुखावतिं मोदतु" लेखिएको छ । अछाम घोडासैनस्थित तारादेवीको शिलालेखमा "ॐ मणिपद्मे हूँ श्री तारादेवीशिचरंजयतु" लेखिएको छ । दुल्लु बालभैरबस्थित जयसिंहको शिलालेख, कालिकोट देवारगौंडाको जगतिसिंहको शिलालेख, कालिकोट थर्पुको शिलालेखमा "ॐ मणिपद्मे हूँ, एतत्पुण्य फलाञ्जीयात्पृथ्वीमल्ल, नृपश्चिरम, "मंगलं भवतु श्री पृथ्वीमल्लदेव" "अन्येनपुण्येन सर्वे सत्वा: सुखिनो भवन्तु । धर्मराज पृथ्वी मल्ल: शुभं भवतु ।" लेखिएको छ । पृथ्वी मल्लको शाके १२८० को मुडेदेवल शिलालेखमा "चिरंतनजलाधारोपरिचैर्त्यत्रकारिता" लेखेकोबाट त्यहाँ पानी पिउने धारा र चैत्य बनाइदिएको बुझिन्छ ।

बुद्धधर्ममा आस्था भएका पृथ्वी मल्ललाई "परमधार्मिक परमकल्पद्रुमावतार" भनिएको छ । प्रा.

जिसेप टुचीको विश्लेषणअनुसार पृथ्वी मल्लको ठूलो आकांक्षा थियो र यसलाई साकार पार्न उनले अथक प्रयास पनि गरे । तर यस्तो लाग्छ कि कहीं गएर उनले ठूलो विपत्तिको सामना गर्नुपर्‍यो । पृथ्वी मल्ल निःसन्तान भएकोले जालन्धरी मल्लका नाति तथा रिपु मल्लका माहिला छोरा सूर्य मल्ल खस साम्राज्यको सिंहासनमा पुनः नागराजका पुरूष सन्तानको रूपमा पुगेको कुरा श्रीपाली वंशावलीबाट देखिन्छ । तर पृथ्वी मल्लको अन्तिम समयतिर नै खस साम्राज्य चरमराउन थालेको देखिन्छ । उनकै पालामा डोटी प्रदेश, खारी प्रदेश र कुमाउँ-गढवाल स्वतन्त्र भए ।

पृथ्वी मल्लको राज्यकालमा यशोवर्मा अत्यन्त प्रभावशाली महात्म्य थिए । उनलाई "अछामि राऊला" पनि भनिएको छ । एउटा दानपत्रमा उनका सन्तानहरू जयतवर्मा, श्रीवर्मा, सुजानवर्मा र सुमेरूवर्माको नाम दृष्टिसाक्षीको रूपमा देखिएका छन् । राज्यका महत्त्वपूर्ण व्यक्तिहरू प्रायः दृष्टिसाक्षीमा रहने गर्दथे । वर्मान्त नामधारी उपयुक्त व्यक्तिहरूमा "राऊला" विश्लेषण लगाइएको छ । "राऊला" पद राजपुत्रको पर्यायवाची मानिन्थ्यो । एउटा अति चाखलाग्दो विषय भनेको यशोवर्मालाई "बुद्धकुलावतार" भन्नु हो । यसले कहिं कपिलवस्तुका शाक्यहरूका सन्तानहरू नै वर्मा भएर बसेका त होइनन् भन्ने प्रश्न पनि गर्न सकिन्छ ।

पृथ्वी मल्लले बुढेसकालमा राजकाजमा ध्यान दिन छाडेकाले सिन्जाका भारदारहरू प्रशासनमा आ-आफ्नो पकड जमाउन आपसमा होडबाजी गर्न थाले । यो सत्ता संघर्षमा यशोवर्माले अरू सबैको प्रभावलाई समाप्त पारेर पृथ्वी मल्लका सबभन्दा शक्तिशाली महामात्य बने । उनका सन्तानहरूले प्रशासनमा आफ्नो नियन्त्रण कायम राखे । विशेष गरेर महामात्य तथा महामण्डलेश्वर यशोवर्मा, महामात्य सुजनवर्मा, महामण्डलेश्वर मेदिनीवर्मा, मण्डलीय रूपनारायण संसारवर्मा हुँदै मलयवर्माको पालामा महाराजाधिराज नै भएर वर्मा परिवारको प्रतिष्ठा बढाएको देखिन्छ । तर मलयवर्माका १२ छोराहरूमा खस साम्राज्य बाँडफाँड भएर विघटन भए । विघटनमा कुमाउँ गढवालतिर गरूड ज्ञानचन्द, तिब्बतमा चाङ्ग-चुव ग्याल्त्सेन, डोटीमा रैका निरयपाल, जुम्लामा कल्याल बलिराजले राज्य स्थापना गरे । वर्मा परिवारका महत्त्वाकांक्षी सदस्यहरूले सल्यान, जाजरकोट, डुल्लु, अछाम, दैलेख, दर्ना, घिल्ली, माल्नेटा राज्यहरू चलाए । बझाङ भेकका रजौटाहरू यशोवर्माकै सन्तान भए तापनि पछि कुनै समयमा वंश परिवर्तन भएको र नयाँ राजपरिवारले "सिंह" लेख्न थालेको बुझिन्छ । सिंह वंशीका राज्यमा बझाङ, बाजुरा, थलहरा र दाङ थिए । गण्डकी प्रदेशमा पर्वत र गलकोटका राजाहरू पनि मलयवर्माकै सन्तान मानिएका छन् । अन्तमा खस साम्राज्य यसरी बाइसे राज्यहरूमा विभाजन भए ।

## खसहरू बौद्ध हुन्:

खस साम्राज्यमा बुद्धधर्म राजकीय धर्म रहेको थियो । नागराज जावेश्वर र उनका उत्तराधिकारी राजाहरू बुद्धधर्मका ठूला अनुयायी भए। राजा र राजपरिवार मात्र नभएर कार्कि, राऊला, राउत, वर्मा, सिंह, थापा, भण्डारी, सेजवाल, कुँवर, खड्का, जेइसी जस्ता प्रभावशाली भारदार र सामन्त पनि बुद्धधर्ममा प्रवल आस्था राख्दथे भन्ने कुरा उनीहरूले राखेका शिलालेख, कनकपत्र, रजतपत्र, ताम्रपत्रबाट देखिन्छ । शिलालेखमा "ॐ मणिपद्मे हूँ" र राजाहरूलाई "परमसौगात", "प्रवरमहायानयिन", "हेवज्रपादपद्मप्राज्यराज्य रक्षाक्षम्" इत्यादि भनिएकोले खस साम्राज्यको राजकीय धर्म बुद्धधर्म भएको प्रस्ट हुन्छ । दानपत्रहरूमा बुद्ध, धर्म, संघ साक्षी राखिएकोबाट पनि राजकीय धर्म रहेको कुरा देखिन्छ ।

कर्नाली प्रस्रवण क्षेत्रमा पश्चिमतिरबाट खसहरू प्रवेश गर्नुअगाडि त्यस क्षेत्रमा मस्तो मान्ने आदिवासीहरू थिए । पछि पावाका मल्लहरू कपिलवस्तुका शाक्यहरू, कोलियका मगरहरू, खारप्रदेशका जाडहरूले बुद्धधर्म ल्याए । श्रीपाली वंशावलीमा नागराजले वडुवालराजा, रावलराजा, पालराज, थापाराजा, खड्काराजा, विष्टराजा र जाडेराजालाई मारेर खारीकोटको राज्य बढाएको र सिंजानगरीमा दरबार खडा गरेको उल्लेख हुनुबाट खस साम्राज्य खडा हुनु अगाडिको राजनैतिक परिवेशको अन्दाज लगाउन सकिन्छ ।

नवौं शताब्दीमा शंकराचार्यले बौद्धमार्गीहरूलाई आक्रमण गर्नुअगाडि बदरीनाथ र केदारनाथमा समेत बौद्ध पुजारी भएको र पछि दक्षिण भारतीय ब्राम्हणहरूलाई पुजारी बनाएको उल्लेखबाट कुमाउँ गढवालदेखि पूर्व पहाडहरूमा बुद्धधर्म फैलिएको कुरा त्यस भेगमा पाइएका बुद्धधर्मसँग सम्बन्धित मूर्ति र अभिलेखबाट सिद्ध हुन्छ । कुमाउँ भेगका खस राजाहरू खारी प्रदेशमा शासन गर्न पुगे । त्यसैबेला तिब्बतमा बुद्धधर्म विरोधी राजा लाङदर्माको हत्या भएको थियो । तिब्बतमा बुद्धधर्म फेरि सशक्त भएर आयो । खारी प्रदेशमा आएर खस राजाहरूले बुद्धधर्मलाई अझ बलियो पारेर एकीकरणपछि खस साम्राज्य बुद्धधर्मलाई राजकीय धर्ममा स्थापित गऱ्यो । नागराजका सन्तानहरूले आफ्नो साम्राज्य र प्रभाव कुमाउँ गढवालतिर फेरि फैलाएका थिए । अशोक चल्लको पालामा यस भेगमा पुरूषोत्तम सिंहले बोधगयामा बुद्धमूर्तिसहित गन्धकुटी बनाएको अभिलेखबाट सिद्ध हुन्छ ।

विक्रम सम्वत् १४०० पछि कुमाउँ गढवाल, खारी प्रदेश, डोटी प्रदेश खस साम्राज्यबाट स्वतन्त्र भए भने वि.सं. १४५० पछि जुम्ला राज्य बलिराजले (उत्तिम थापाका छोरा र कल्याल वंशको संस्थापक) खोसेपछि खस साम्राज्य बाइसे राज्यमा विघटन भए । खस राज्यको विघटनपछि हिन्दूकरणको प्रभाव बढ्न गयो । राजा हुने परिवारहरू (मल्ल, सिहं, वर्मा, शाही आदि) ठकुरी भए भने कार्कि (कर अधिकृत), थापा (स्थानीय प्रशासक), खड्गा (खड्गधारी सेना), विष्ट, बुढा, बोहरा, राउत, रावल, वस्नेत, महत, भण्डारी, रोकाया आदि सरकारी ओहडामा बस्ने तागाधारी क्षेत्री भए र प्रजाको रूपमा खेती किसानी गर्ने खसहरू मतवाली क्षेत्री भए ।

## *निष्कर्ष :*

बाह्रौं शताब्दीमा कर्नाली प्रस्रवण क्षेत्रमा उदय भएको खस साम्राज्य पन्ध्रौं शताब्दीमा बाइसे राज्यमा विघटन भएपनि खस शासकहरूले गण्डकी प्रदेश हुँदै नेपालमण्डलसम्म शासन गर्न पुग्यो भनेपछि पृथ्वीनारायण शाहले वर्तमान नेपालको एकीकरण गरेर आधुनिक नेपाल राज्यको समेत निर्माण गर्न पुगे । एक वर्ष अगाडि राजा ज्ञानेन्द्रले राजगद्दी त्यागेर गणतन्त्र घोषणा गर्नु अघिसम्म पनि नेपालको शासक खस सम्राट शाह ठकुरीलाई मानिन्छ । शाह राजतन्त्रको समाप्तिपछि खस शासनको इतिहास पनि सकिन्छ । खस जातिको रूपमा रूपान्तरित ठकुरी, क्षेत्रीहरूले संघीय गणतन्त्र नेपालमा आफ्नो पहिचानको पुनः परिभाषा गर्न खोज्दैछ र आदिवासी जनजातिमा सूचिकृत हुन चाहना गरेको छ । खस जातिको इतिहास हेर्दा नेपालमा यो जाति आदिवासी जनजाति नै हुन आएको छ । मुख्य प्रश्न आदिवासी जनजातिको पहिचान प्राप्त गर्न खोज्नुको तात्पर्य के हो भन्ने कुरा स्पष्ट बाहिर आउन बाँकी छ ।

खस जातिले आदिवासी जनजाति पहिचान सुदृढ गर्न खोज्नुको उद्देश्य हुनसक्छ- खस जातिको गौरव र इतिहास संरक्षण गर्नु, संघीय गणतन्त्र नेपालमा खस संघीय राज्य स्थापना गर्नु र साथै राज्यका सबै अंगमा समानुपातिक प्रतिनिधित्व सुरक्षित गर्नु । तर यस खस जातिले शुरू गरेको पहिचानको राजनीतिमा खस जातिलाई उच्चतामा पुऱ्याएको बुद्धधर्मलाई पुनः मूल्याङ्कन गर्न बिर्सेमा आफ्नो गौरवलाई प्रकाशमय बनाउन नसकिएला । साथै खस जातिको पहिचानको राजनीतिमा पनि अहम प्रभाव पार्दछ । खस जाति आदिवासी जनजातिमा समावेश भएपछि नेपालमा आदिवासी जनजातिको जनसंख्या ५५ प्रतिशत (३८ प्रतिशत जनजाति र १७ प्रतिशत खस क्षेत्री) पुग्दछ । यो भनेको यस जनसंख्याले नेपालको राजनीतिमा निर्णायक स्थान ओगट्नेछ । यो समीकरणलाई १३ प्रतिशत बाहुन, १४ प्रतिशत मधेशी र १२ प्रतिशत दलितले कसरी लिने हो अहिलेसम्म अन्दाज लगाउन सकिंदैन । खस जातिले आफ्नो बौद्ध इतिहासप्रति कृतज्ञ भई बुद्धधर्मको विकासमा पनि योगदान दिन थाले नेपालको धार्मिक पहिचानमा पनि ठूलो परिवर्तन आउनेछ र अन्तर्राष्ट्रिय स्थानमा पनि प्रभाव पार्नेछ ।

खसहरू बौद्ध थिए, आज पनि अन्य बौद्धहरूले खस पहिचानको अभियानप्रति सकारात्मक नै हुनुपर्दछ । साथै खस साम्राज्यमा बुद्धधर्मको साथै हिन्दूधर्म र मस्तोधर्मलाई पनि सम्मान र उच्चस्थान दिएर धार्मिक सद्भाव र समृद्धि गरेको कुरा पनि बिर्सनुहुन्न । साथै खस साम्राज्यमा धर्मभाणक र सूत्रधरहरूलाई सम्मानित स्थान दिइराखेको कुरा पनि सम्झनुपर्छ ।

अन्तमा, नेपालमा जाति, धर्म, भाषा र संस्कृतिको कुरा गर्दा डोरबहादुर विष्टको "भाग्यवाद र विकास" पुस्तकलाई मनन गर्नुपर्दछ । यी नै कुराको आधारमा नेपालमा "आफ्नो मान्छे" को संस्कृति विकास हुन गई समाज र देश विकास हुन नसकेको हो । नेपाली सबैमा हामी भन्ने भावना कसरी विकास गर्ने भन्ने कुरामा पनि संवेदनशील हुनुपर्छ । वर्णाश्रमी समाजबाट नेपाली नेपाली बीच शंका, विश्वासघात, भ्रष्टाचार व्याप्त छ । समतामूलक समाज विकास गर्नमा हामी लाग्नुपर्दछ । खस क्षेत्री समाजले ठोस योगदान पुऱ्याउन सक्दछ ।

**केही सन्दर्भ ग्रन्थहरू :**


१. सूर्यमणि अधिकारी, ***खस साम्राज्यको इतिहास,*** काठमाडौं, २०६१ ।

२. धनवज्र, बज्राचार्य, ***कर्नाली प्रदेशको ऐतिहासिक रूपरेखाः कर्नाली प्रदेश एक छोटो अध्ययन,*** जुम्ला २०२८ ।

३. रामनिवास पाण्डे, ***मेकिङ्ग अफ् मोडर्न नेपाल,*** नयाँ दिल्ली, इ.सं. १९९७ ।

४. डोरबहादु विष्ट, ***फेटालिज्म एण्ड डेभलपमेन्ट,*** ओरिएण्ट लंगमैन, हैदरावाद, इ.सं. १९९१ ।

५. डिल्लीरमण रेग्मी, ***मिडिभल नेपाल,*** भाग-१, रूपा कम्पनी, दिल्ली, इ.सं. १९६५ ।

६. बालकृष्ण पोखरेल, ***खस जातिको इतिहास,*** विराटनगर, २०५५ ।


(धर्मोदय सभाको आयोजनामा २०६६ श्रावण ३१ गते काठमाडौंमा सम्पन्न "नेपालमा खसजाति र बुद्धधर्म" विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र)


सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन विजयादशमी हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भन्ने कामना छ ।

**संङ्घा छोयर्लिङ गोम्पा**

**सराङकोट, पोखरा**



सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन विजयादशमी हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भन्ने कामना छ ।

**धर्मोदय सभा**

**कास्की शाखा, पोखरा**

# नेपालमा खस जाति र बुद्धधर्म

- डा. दिलबहादुर क्षेत्री
पृथ्वीनारायण क्याम्पस, पोखरा

डा. केशवमानले "नेपालमा खस जाति र बुद्धधर्म" विषयक कार्यपत्रलाई भूमिका, खस को हुन् ? खसहरू बौद्ध हुन् र निष्कर्ष गरी पाँच बुँदामा विभक्त गरी लेखेका छन् । यो कार्यपत्र खोजमूलक एवम् गहन अध्ययनमा आधारित देखिन्छ । कार्यपत्र प्रस्तोताले आफ्नो मौलिक मान्यताहरू पनि स्थापित गर्न खोजेको पाइन्छ ।

अब यहाँ यस कार्यपत्रको सबल र कमजोर पक्षहरूको सन्दर्भमा छोटो चर्चा गर्न चाहन्छु । सबल पक्षको सन्दर्भमा चर्चा गर्दा कार्यपत्र प्रस्तोताबाट खसहरूको उद्‌गमस्थल एवम् नेपालको सन्दर्भमा उनीहरूको ऐतिहासिक थलो कर्णाली प्रदेश, मनुस्मृतिमा उल्लेख भएका कुराहरू, खसमल्ल शासकहरूको शासनकाल, उनीहरूको बुद्धधर्मप्रतिको आस्था, सम्मान एवम् संवर्द्धनबारे सप्रमाण प्रस्तुत गरिएको छ । खस र शासनकालमा कर्णाली प्रस्रवण क्षेत्रमा बुद्धधर्म नै राज्यको धर्म भएको उल्लेख गरिएको छ, जुन सत्य हो । कार्यपत्रको निष्कर्ष खसहरू बौद्ध मतावलम्वी भएकाले उनीहरूको पहिचानको अभियानप्रति बौद्ध मतावलम्वीहरू सकारात्मक हुनुपर्दछ भन्ने रहेको छ ।

खस जातिकै मानिसहरू कोही शासक, कोही शासित अनि हिन्दूवादी ब्राह्मणहरूको प्रभावमा परी तागाधारी र मतवाली क्षेत्रीमा रूपान्तरित भएको तथ्य पनि स्पष्ट नै छ । कार्यपत्र प्रस्तोताले आफ्नो कार्यपत्रको निष्कर्ष खण्डमा खस शासकहरूले कर्णाली प्रस्रवण क्षेत्रदेखि गण्डकी प्रदेश हुँदै नेपालमण्डलसम्म शासन गर्न पुग्नुका साथै पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीको योजनाअनुसार खण्डित मुलुकलाई एकीकरण गरी वर्तमान आधुनिक नेपाल निर्माण गरेको तथ्य पनि सही रूपमा प्रस्तुत गरेका छन् ।

कार्यपत्रका केही कमजोर पक्षहरू पनि रहेका छन्, जुन स्वाभाविक हो । कार्यपत्रले आफ्ना मान्यतालाई स्थापित गर्ने मूलाधार, स्रोत खुलाएको छैन । जसका तथ्यहरूप्रतिको आशंकाको निवारण हुन सकेन ।

कार्यपत्र प्रस्तोताको "...खस जातिकै ठकुरीमध्येको शाह परिवार राजतन्त्रको समाप्तिपछि यो जाति अब नेपालको एउटा जनजाति (Nationality) को रूपमा विद्यमान हुन आएको पनि हो संघीय शासन व्यवस्थामा खसान/कर्णाली राज्यको मागको साथै राज्यका सम्पूर्ण अंगमा समानुपातिक समावेशीकरण हुनुपर्ने नारा पनि उठाएका छन्" भन्ने अभिमत उहाँले जिकिर गरेजस्तो सत्य होइन । समानुपातिक तथा समावेशीपनका नारा उठाए तापनि आमरूपमा खसहरूले खसान/कर्णाली राज्यको माग उठाएका छैनन् । आम क्षेत्रीहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा स्थापित "क्षेत्री समाज नेपाल" जातीय राज्यको विरूद्धमा क्रियाशील समेत छ । सर्वप्रथम "आदिवासी जनजाति" को नेपालको परिभाषा नै गलत छ । आदिवासी र जनजाति एउटै परिभाषाअन्तर्गत पर्दैनन् । कारण आदिवासीहरू हुन सक्दछन् तर जनजातिहरू आदिवासी हुन सक्दैनन् । यस सन्दर्भमा स्वयम् जनजातिको वकालत गर्ने विद्वान् परशुराम तामाङलगायतले आदिवासी/जनजातिको सट्टा आदिवासी जाति र जनजाति भनी स्पष्ट उल्लेख गर्नुपर्ने जोडदार माग गर्दैछन् । जातिको आधारमा राज्यको नामाकरणले मिश्रित रूपमा बसोबास गरिरहेका नेपाली समाजका विभिन्न जातजातिहरूका बीचमा रहेको सद्भावलाई बिगारिदिन सक्दछ । त्यसैले राज्यको नामाकरण प्राकृतिक नामका आधारमा गरिनुपर्दछ भन्ने धारणा खस क्षेत्रीहरूको रहेको छ ।

लगभग पाँचौं शताब्दीतिर खस मूलका मानिसहरू कुमाउँबाट पश्चिम नेपाल प्रवेश गर्न थालेको अनुमान हुन्छ भन्ने कार्यपत्र प्रस्तोताको भनाइ पनि तर्कसंगत छैन । किनकि विभिन्न प्रमाणहरूले स्पष्ट पारेका छन् कि खस क्षत्रीहरू त्यो समयभन्दा धेरै पहिले नेपाल प्रवेश गरेका थिए । विद्वान् शेफर खसहरू आर्य जातिका मानिसहरू र काश्मिरी तथा दरदहरू जस्तै भएको तर्क अघि सार्दै उनीहरू महाभारत युद्धकाल (१२००-१४०० ई.पूर्व) तिर सतलज नदीका माथिल्ला भागमा र मानसरोवर लेक वरिपरि बस्ने

गरेको उल्लेख गर्दै खसहरूलाई नेपाल र कुमाउँका हिमाली क्षेत्रका बासिन्दा मान्दछन् (१९५४:५३)।

इगरमेन्ट खसहरू अशोककालीन एउटा प्रमुख जाति भएको उल्लेख गर्दछन् (१९९१ : १४१)। एटकिनसन खसहरूलाई नाग जातिसरह एक बलियो आर्य जाति भएको धारणा राख्दै यिनीहरू नेपालको हिमालय पर्वतमालाका विभिन्न भागमा धेरै पहिलेदेखि बसोबास गरेको जाति भनी उल्लेख गर्दछन् (१९७४ : ३८०-३९९)। खस सभ्यताको प्राचीनतालाई उजागर गर्दै विद्वान् रत्नाकर देवकोटा लेख्दछन् "सिन्धुघाँटीको सभ्यता र कर्णाली प्रदेशको सभ्यता एउटा मुद्राका दुई पाटा हुन्रू (२०६४ : ६८)। सिन्धुघाँटीको सभ्यताको अवधिलाई पुरातत्वविद्हरूले, २८०० देखि २,२०० ईशापूर्वलाई मानेका छन् (अधिकारी, २०५७ : ४२)।

यस्तै गरी तल्लो मुस्ताङमा गरिएको उत्खनन् एवम् अध्ययनअनुसार पश्चिम एशियाबाट पञ्जाब र काश्मीर हुँदै आर्यजातिका अनेक समूह नवपाषाण युगमै (नवौं-आठौं शताब्दी ई.पू.तिर) नेपालका उत्तरी पर्वत श्रेणीमा गुफा तथा नदीका किनारमा बसोबास गरेका अवशेषहरू फेला परेको पाइन्छ। ती अवशेषहरू प्राचीन खस जातिसँग सम्बन्धित छन् कि ? भन्ने अभिमत पुरातत्व विभागका पूर्व डेपुटी डाइरेक्टर जनरल तारानन्दन मिश्र राख्दछन्। यस अभिमतलाई गहिरिएर नियाल्दा कुमाउँ हुँदै नेपालको कर्णाली प्रस्रवण क्षेत्र प्रवेश गर्ने आर्य जातिका मानिसहरू खसहरू नै भएको तथ्य अब प्रमाणित भइसकेकाले कुनै आशंका गर्नुपर्ने ठाउँ देखिँदैन। अत: यी विविध प्रमाणहरूले प्रमाणित गरिसकेका छन् कि अब खस क्षत्रीहरू इस्वीको पाँचौं शताब्दीतिर नेपाल प्रवेश गरेको धारणा स्वत: गलत सावित भएको छ।

कार्यपत्रले खसहरू दलितहरूलाई अलग समुदाय भनी उल्लेख गर्दै उनीहरू खसहरूभन्दा धेरै पहिलेदेखि नै कर्णाली प्रस्रवण क्षेत्रमा बसोबास गर्ने अनादिवासी भनी उल्लेख गरेको कुरा पनि तर्कसंगत देखिँदैन। सत्य कुरा के हो भने मूलत: कर्णाली प्रस्रवण क्षेत्रमा बसोबास गर्ने आर्य मूलका दलितहरू पनि खस समुदायभित्रकै जाति हुन्। अत: यस प्रमाणले पनि खस समुदाय यस मुलुकको आदिवासी मात्र नभई अनादिवासी हो भन्ने स्पष्ट हुन आउँछ।

कार्यपत्र प्रस्तोताले खसहरूलाई बौद्ध भएको जिकिर गर्नुभएको सन्दर्भमा सोचविचार गर्दा खसक्षत्रीहरू पहिले प्रकृतिपूजक भएको तथ्यलाई बिर्सनु हुँदैन, जसको ज्वलन्त प्रमाणका रूपमा उनीहरूले अद्यावधि वर, पिपल, तुलसी, कुस, दुबोजस्ता बोटविरूवा, घाँस आदि र गुफा, नदीनाला, पृथ्वीलाई श्रद्धापूर्वक पुज्ने परम्परालाई प्रस्तुत गर्न सकिन्छ।

यो पनि तथ्य हो कि खसहरू शाक्य वंशका एक क्षत्रिय राजकुमार गौतम बुद्धले प्रतिपादन गरेको बुद्ध-दर्शन जो बुद्धधर्मले स्थापित छ, त्यसबाट प्रभावित भई उनीहरूले बद्धधर्मलाई आत्मसात गरेका थिए। स्वयम् तत्कालीन खस शासकहरू नै बुद्धधर्म-दर्शनप्रति आकर्षित भएका र उनीहरूबाट बुद्धधर्मलाई नै राज्यको धर्म अपनाइएको हुनाले कर्णाली प्रस्रवण क्षेत्रका खस समुदायका क्षत्रीहरू बुद्धधर्मका प्रवल अनुयायी बने। कर्णाली प्रस्रवण क्षेत्र अर्थात् खस क्षत्री शासकहरूको बुद्धधर्म-दर्शनको संरक्षण एवम् संवर्द्धनमा महत्त्वपूर्ण योगदान रहेको तथ्य स्पष्ट नै छ। यसो भनिरहँदा यस तथ्यलाई पनि बिर्सनु हुँदैन कि खस शासकहरू हिन्दूधर्म-दर्शनप्रति पनि त्यत्तिकै सहिष्णु थिए। यस मुलुकमा यसको सभ्यताको आरम्भदेखि नै धार्मिक सहिष्णुता एवम् जातीय सद्भाव कायम गर्न लिच्छवीवंशी, शाक्यवंशी एवम् खसवंशी क्षत्रीहरूको अहम् भूमिका र योगदान रहको तथ्य हाम्रोसामु स्पष्ट छ।

कार्यपत्रमा उल्लेख भएअनुसार "कर्णाली प्रस्रवण क्षेत्रमा पश्चिमतिरबाट खसहरू प्रवेश गर्नुअगाडि त्यस क्षेत्रमा मस्तो (मस्टो) मान्ने आदिवासीहरू थिए" भन्ने अभिमत पनि तर्कसंगत देखिँदैन। किनकि मस्टो पुज्ने परम्परा खस समुदायको प्राचीन र मौलिक परम्परा हो। कर्णाली प्रस्रवण क्षेत्रमा प्रवेश गर्ने खस समुदाय मूलत: क्षत्रीहरू नै पहिला भएको हुनाले मस्टो पुज्ने परम्पराबारे अन्यथा सोच्नुपर्ने नै हुँदैन।

खस जाति विभिन्न कालखण्ड पार गर्दै आउँदा उनीहरू जनजातिको स्तरबाट उठी आदिवासी जातिका क्रममा आफूलाई स्थापित गर्दै राज्यको पुनर्संरचना गरी संघीय राज्य कायम गर्दा जातिको आधारमा हुनुहुँदैन भन्ने जोडदार माग गरेको तथ्यलाई बिर्सनुहुँदैन। खस क्षत्रीहरू विभिन्न जातिको नाममा संघीय राज्यको निर्माण गर्नु भनेको सदियौंदेखि कायम रहेको जातीय सद्भाव,

सहिष्णुता र राष्ट्रिय अखण्डतामा खलल पुऱ्याउनु हो भन्ने दृढ मान्यता राख्दछन्। आफ्नो दृढ धारणाप्रति सबै राष्ट्रवादी, देशभक्त नेपाली आदिवासी जाति एवम् जनजातिहरू सहमत हुनुपर्दछ भन्ने मान्यता राख्दै संघीय राज्यहरू पनि सबै नेपालीका आफ्ना राज्य हुन् भन्ने व्यवस्था होस् भन्ने आग्रहसमेत गर्दछन्।

## *निष्कर्ष :*

"खसहरू बौद्ध थिए, आज पनि अन्य बौद्धहरूले खस पहिचानको अभियानप्रति सकारात्मक नै हुनुपर्छ ...खस साम्राज्यमा बुद्धधर्मको साथै हिन्दूधर्मलाई पनि सम्मान र उच्चस्थान दिएर धार्मिक सद्भाव र समृद्धि गरेको कुरा बिर्सन हुन्न...।" भन्ने कार्यपत्र प्रस्तोताको अभिमत सही र मननयोग्य ठहर्दछ। यहाँ स्मरण गर्नुपर्ने सत्य के हो भने हिन्दू तथा बुद्धधर्म-दर्शनको प्रभावमा आउनुपूर्व खसहरू प्रकृतिपूजक नै हुन् जुन माथि नै चर्चा गरिसकिएको छ। कर्णाली प्रस्रवण क्षेत्रका खस शासकहरू नै बुद्ध-दर्शन (धर्म) का प्रबल उपासक बने र अन्ततः उनीहरूले बुद्धधर्मलाई नै राज्य धर्मका रूपमा स्थापित गरे। राज्यले अपनाएको धर्म नै जनताको पनि धर्म बन्न पुगेकाले समग्रतामा खस क्षत्रीहरू पनि बुद्धधर्मानुयायी बनेको सत्य हो। बुद्धधर्मका प्रणेता स्वयं सिद्धार्थ गौतम बुद्ध क्षत्री कुलमा एक महान दार्शनिक भएका, नेपाल स्वयं नै बुद्धधर्म-दर्शनको जन्मभूमि भएको साथै त्यो दर्शन नै अन्ततः धर्मका रूपमा स्थापित भएकाले सम्पूर्ण क्षत्रहरू एवम् समग्रमा नेपालीहरूले बुद्धधर्म-दर्शनप्रति गौरव गर्नुपर्दछ। यो उनीहरूको परम कर्तव्य र दायित्व पनि हो। तर धर्म व्यक्तिगत आस्था भएको कारण कसैले जबर्जस्तीरूपमा कसैलाई पनि लाद्न मिल्दैन। धर्मनिरपेक्षताको अर्थ यही हो।

एक अकाट्य सत्य यो पनि हो कि केही समय यता आएर यस मुलुकका महत्त्वपूर्ण एवं नेपाली समाज र संस्कृतिका सम्वाहक बुद्ध एवं हिन्दूधर्मका अनुयायीहरू बीच वैमनस्यता र कटुतापूर्ण परिवेश तयार गरी आफ्नो निहित स्वार्थ पूर्ति गर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय षडयन्त्रपूर्ण प्रपञ्चहरू भइरहेका छन्। यसतर्फ सबै नेपालीहरू मूलतः हिन्दू तथा बौद्धमार्गीहरूले आफूभित्र रहेका अन्धपरम्परावादी सोच चिन्तनबाट माथि उठी आपसिक सद्भाव, सहिष्णुता, सहअस्तित्व र समन्वय गरी अघि बढ्नु जरूरी छ। सनातन हिन्दूधर्म पनि नेपालीको मौलिक संस्कार र संस्कृतिका रूपमा स्थापित भइसकेकाले बौद्धमार्गीहरू बुद्धले प्रतिपादन गरेको मूल्य, मान्यता र दर्शनप्रति संवेदनशील हुनु जरूरी छ भने हिन्दूहरू पनि अतिवादको चक्रव्यूहबाट माथि उठ्नै पर्दछ। यी दुवै (हिन्दू एवं बौद्ध) धर्म-दर्शनका अनुयायीहरू समयसापेक्ष बन्दै आपसमा वैमनस्यता र कटुता होइन आत्मीयता र सहअस्तित्वको मर्मलाई आत्मसात गर्न सके युगौंदेखि कायम रहँदै आएको सहअस्तित्व, धार्मिक सहिष्णुता एवं जातीय सद्भावले निरन्तरता पाउने मात्र नभई अस्तित्वमा रहेका सबै धर्म समुदायलाई पनि आपसी आत्मीयता र राष्ट्रियताका निम्ति मार्गनिर्देशन समेत बन्न जाने कुरामा दुईमत नहोला।

### सन्दर्भ सामग्री


- अधिकारी, सूर्यमणि, ***विश्व इतिहासको रूपरेखा,*** काठमाडौं : भुँडिपुराण, २०५७।
- इगरेमोण्ट, ***द इयर अफ बुद्धज् महापरिनिर्वाण, द डेटिङ अफ द हिस्टोरिकल बुद्ध,*** १९९१।
- एटकिन्सन, इ.टी, ***कुमाउ हिल्स,*** दिल्ली : कस्मो पब्लिकेशन, १९७४।
- तामाङ, परशुराम, ***नयाँ संविधान र अल्पसंख्यक आदिवासी जनजाति,*** काठमाडौं : विविध पुस्तक भण्डार, २०६६।
- देवकोटा, रत्नाकार, ***बृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना,*** काठमाडौं : कुमार खड्ग प्राइभेट स्टडिज, २०६४।
- मिश्र तारानन्दन, "सुर्खेत क्षेत्रको राजनैतिक, धार्मिक तथा साँस्कृतिक इतिहास", ***प्राचीन नेपाल,*** संख्या १५७, पुरातत्व विभाग, २०६१।
- शेफल, रोवर्ट, ***एथ्नोग्राफी अफ एन्सिण्ट इण्डिया,*** विज्वेडन, १९५४।


(२०६६ श्रावण ३१ का दिन धर्मोदय सभाद्वारा काठमाडौंमा आयोजित समीक्षात्मक गोष्ठीमा प्रस्तुत कार्यपत्रको टिप्पणी)

# बौद्ध धर्मको प्रसारमा ब्राह्मणहरूको भूमिका

- डा. राहुल

- अनुवादक तिलक पराजुली

लगभग चार-पाँच शताब्दीपछि धेरै देशहरूमा बौद्धधर्मको पुनरूत्थान भयो। जापानमा यो पुनरूत्थान सन् १८६८ मा शुरू भयो। यसको केही वर्षपछि श्रीलंकामा बौद्ध धर्मको पुन: प्रचार-प्रसार शुरू भयो। चीनमा भिक्षु ताइसुद्वारा बौद्ध धर्मको प्रचार भयो। बर्मामा बौद्ध धर्मको पुनरूत्थान कार्य संत लेदी सैदावले गरे। भारतमा सन् १८९१ मा महाबौद्ध सभाको स्थापनापछि बौद्धधर्मको पुनरूत्थान शुरू भएको हो।

बुद्धका शिक्षाले धेरै युरोपीय दार्शनिकहरूलाई पनि प्रभावित गऱ्यो र उनीहरूले बुद्धको सम्यक चिन्तनको परम्परालाई अगाडि बढाए। प्राचीनकालमा बुद्धका सिद्धान्तले धेरै विद्वान्हरूलाई प्रभावित गऱ्यो र उनीहरूले यसलाई अङ्गीकार गरी यसको प्रचार-प्रसारमा महत्त्वपूर्ण भूमिका निभाए। यसमध्ये धेरै विद्वानहरू ब्राह्मण थिए। वस्तुत: यो एक आश्चर्यजनक सत्य हो कि बौद्धधर्मको प्रचार-प्रसारमा ब्राह्मण विद्वान् तथा दार्शनिकहरूको भूमिका महत्त्वपूर्ण रहेको छ।

यस सम्बन्धमा सर्वप्रथम महाकवि अश्वघोषको सम्झना आउँदछ। महाकवि अश्वघोष ईस्वी प्रथम शदीका हुन्। उनी सम्राट कनिष्कका समकालीन मानिन्छन्। उनी साकेतका निवासी थिए र उनको जन्म एक ब्राह्मण कुलमा भएको थियो। अश्वघोषले धेरै दार्शनिक एवम् काव्य ग्रन्थको गम्भीर अध्ययन गरेका थिए। पछि उनी बौद्ध धर्मप्रति आकृष्ट भए र संघमा दीक्षित भई भिक्षु बने।

### *नागार्जुनको योगदान*

१७५ ईस्वीमा शून्यवादका प्रवर्तक नागार्जुन पनि ब्राह्मण कुलका थिए। उनको जन्म विदर्भमा भएको थियो। नागार्जुन एक प्रतिभाशाली विद्यार्थी थिए र ब्राह्मणका ग्रन्थहरू गम्भीरताका साथ अध्ययन गरेका थिए। उनी रूढीवादी थिएनन्। र जब उनी बौद्धधर्मको सम्पर्कमा आए यसको पनि उनले गम्भीरतापूर्वक अध्ययन गरे। उनले श्री पर्वतलाई आफ्नो निवासस्थान बनाए। नागार्जुनका अनेक ग्रन्थहरू प्रसिद्ध छन्। उनका दुई कृति 'माध्यमिक कारिका' र 'विग्रह व्यवर्तनी' मूल संस्कृतमा उपलब्ध छन्।

महापण्डित राहुल सांकृत्यायनका अनुसार आफ्नो मौलिक रूपमा 'विग्रह व्यवर्तनी' थोरैले धेरै अर्थ दिने पद्यमय सूक्ति नै थियो। यो शून्यतामा आधारित छ। अत: यस कृतिको अर्को नाम 'शुन्यता सप्तति' हो। नागार्जुन आफ्नो एक पद्यमय सूक्ति (कारिका) मा लेख्दछन्-

जसले यस शून्यतालाई सम्झन सक्दछ,<br>
उसले सबै अर्थ सम्झन सक्दछ।<br>
जसले शून्यतालाई बुझ्दैन,<br>
उसले केही पनि बुझ्दैन।

राहुलजीका अनुसार 'शून्यता' नागार्जुनको अर्थमा प्रतीत्य-समुत्पाद-विश्व र यसको सारा जड-चेतन वस्तुहरू कुनैपनि स्थिर, अचलतत्त्व (आत्मा, वस्तुआदि) बाट बिल्कुल शून्य छ। प्रतीत्य-समुत्पाद बुद्धका सम्पूर्ण दर्शनको आधार हो। एकको विनाशपछि अर्कोको उत्पत्ति-यही नियमलाई बुद्धले प्रतीत्य-समुत्पाद नाम दिनुभएको छ। 'प्रत्ययबाट उत्पाद'को अर्थ हो नाश भएपछि उत्पन्न-अर्थात् एउटा नष्ट भएपछि अर्कोको उत्पत्ति। 'प्रतीत्य-समुत्पाद' कार्य-कारण नियमलाई अविच्छिन्न होइन, विच्छिन्न प्रवाह मान्छ।

### *असंग र वसुबंधु*

बुद्धधर्मको सुदूर उत्तर भारतमा प्रचार गर्ने असंग र वसुबंधु पनि ब्राह्मण कुलमा नै जन्मेका थिए। यी दुवै तेजस्वी बन्धुहरूको जन्म समय इसाको चौथो शताब्दी हो। यिनीहरू त्यस्ता सृजनाका विचारकहरूमध्येमा गनिन्छन्। जसले बौद्ध दर्शनको शास्त्रीय युगलाई जन्म दिए। यी दुवैको जन्म गांधार

देशको पुरूषपुर (पेशावर नगर) मा भएको थियो। यिनीहरू कौशिक गोत्रका ब्राह्मण र वैदिक ज्ञानमा पारंगत थिए। यिनको शिक्षा कश्मीरमा भयो, जहाँ यिनीहरूले प्राकृतभाषा शास्त्र पढे। प्रारम्भमा असंग र वसुबंधु सर्वास्तिवादका अनुयायी थिए। त्यसबेला यसैको कश्मीर र गांधारमा बोलबाला थियो। केही दिनको लागि यिनीहरूले अयोध्याको पनि यात्रा गरे। वसुबंधुको जीवनीका लेखक परमार्थको भनाइ छ कि वसुबंधुको मृत्यु असी वर्षको उमेरमा अयोध्यामा नै भएको थियो।

असंग योगाचार या विज्ञानवाद (बौद्धमत) का सैबभन्दा प्रभावशाली आचार्य मानिन्छन्। उनैको प्रेरणाले उनका भाइ वसुबंधुले पनि सर्वास्तिवादलाई छाडेर विज्ञानवादको सहारा लिएका थिए। असंग मैत्रेयनाथका शिष्य थिए, जसलाई विज्ञानवादका प्रवर्तक मानिन्छ। असंगको मुख्य ग्रन्थ हुन्-महायान संपरिग्रह, प्रकरण-आर्यवाचा, योगाचारभूमिशास्त्र र महायान मूल सूत्रालंकार। पछिल्ला दुई कृतिहरूको नैतिक र सैद्धान्तिक दृष्टिबाट ज्यादै धेरै महत्त्व छ। योगाचार-भूमिशास्त्रको मूल संस्कृत रूपको खोज महापण्डित राहुल सांकृत्यायनले गरेका छन्। यो ग्रन्थ १७ खण्डमा विभक्त छ र योगाचार मतका अनुसार साधना मार्गको वर्णन गर्दछ। महायान-सूत्रालंकार असंग र उनका गुरू मैत्रेयनाथको संयुक्त रचना हो। संक्षिप्त पद्यांश (कारिका) मैत्रेयनाथद्वारा लेखिएको र यसको व्याख्या असंगद्वारा भएको हो।

वसुबंधु, जसले आफ्ना अग्रज असंगको प्रेरणाले महायान बौद्धधर्मको विज्ञानवाद मत स्वीकार गरे, उनी सर्वास्तिवाद बौद्धधर्मको वैभाषिक शाखाका एक प्रसिद्ध आचार्य थिए। उनको सबैभन्दा महान ग्रन्थ 'अभिधर्मकोश' हो जुन समग्र बौद्ध दर्शनको एक विश्व-कोश नै हो। मूलत: यस ग्रन्थको रचना सर्वास्तिवादको वैभाषिक मतका अनुसार भएको थियो, जुन त्यस समय कश्मीरमा अत्यन्त प्रभावशाली भयो।

## *दिंगनाग: बौद्ध न्यायका संस्थापक*

दिंगनाग वसुबंधुका शिष्य थिए। उनी वस्तुत: बौद्धन्यायका संस्थापक हुन् र सामान्यत: मध्ययुगीन न्यायका पिता भनिएको छ। उनको जीवनकाल पाँचौं शताब्दीको शुरूमा हो। तिब्बती स्रोतहरूका अनुसार दिंगनागको जन्म काँचीको नजिक सिंहवक्त्र भन्ने ठाउँमा एक ब्राह्मण परिवारमा भएको थियो। पहिले उनी हीनमान बौद्धधर्मको वात्सीपुत्रीय सम्प्रदायका अनुयायी थिए, परन्तु पछि महायानमा उनको अनुराग भयो। तिब्बती परम्पराका अनुसार पनि उनी वसुबंधुका शिष्य थिए। दिंगनाग नालंदा विहारमा पनि गए। यही ठाउँमा उनले सुदुर्जय नामक एक तार्किक ब्राह्मणलाई शास्त्रार्थमा पराजित गरे। उनले शास्त्रार्थ गर्दै ओडिविश (उडीसा) र महारट्ठ (महाराष्ट्र) को पनि भ्रमण गरे। भनिन्छ, उडीसाको एक जङ्गलमा उनको मृत्यु भयो।

## *आचार्य धर्मकीर्ति*

आचार्य धर्मकीर्ति दिंगनागका एक उत्तराधिकारी तथा अद्वितीय प्रतिभावान नैयायिक (न्यायविद्) थिए। उनको जन्म चोल देशको तिरूमलाई नामक गाउँको एक ब्राह्मण परिवारमा भएको थियो। रचेखात्सकीले उनलाई भारतका कान्ट बताएका छन्। धर्मकीर्तिको समय ईस्वी सातौं शताब्दी हो। दिंगनागका शिष्य ईश्वर सेनसँग उनले न्याय पढेका थिए।

पछि उनी नालंदा महाविहार प्रस्थान गरेर उहाँ पनि संघ-स्थविर तथा त्यसबखतका प्रसिद्ध विज्ञानवादी आचार्य धर्मपालका शिष्य बने। 'प्रमाण वार्तिक' ग्रन्थका अतिरिक्त धर्मकीर्तिद्वारा लिखित अन्य महत्त्वपूर्ण ग्रन्थ हुन्-प्रमाण-विनिश्चय, न्याय-बिदु, संबंध-परीक्षा, हेतु-बिन्दु, वाद-न्याय तथा समानान्तरसिद्धि। सबै यी ग्रन्थको विषय प्राय: बौद्ध प्रमाण्यवाद हो र यिनमा उच्च दार्शनिक प्रतिभा तथा सूक्ष्म चिन्तन दर्शन रहेको छ।

बौद्धरूचि (५७१-७२९) एकअर्का बौद्ध विद्वान् थिए, जो पछि चीनमा गएर बसे। उनको जन्म दक्षिण भारतको एक काश्यप गोत्रीय ब्राह्मण परिवारमा भएको थियो। उनी अनेक शास्त्रका ज्ञाता थिए। चीन गएर उनले आफ्नो सारा जीवन बौद्ध ग्रन्थको अनुवादमा व्यतीत गरे।

**(भारतबाट प्रकाशित हुने प्रसिद्ध मासिक पत्रिका "कादम्बिनी" को मई १९९९ को अङ्कमा प्रकाशित लेखको नेपाली अनुवाद)**

# बुद्ध धर्मसँग सम्बन्धित केही प्रचलित शब्दहरू

– भूपनिधि पन्त

कपिलवस्तु आज नेपालको एउटा जिल्लाको रूपमा रहेको छ। त्यहाँ ई.सं. ५६३ वर्ष अगाडि गौतम बुद्धका पिता राजा शुद्धोदन शासन गर्दथे। अझ त्यसभन्दा अगाडि अनादिकालमा त्यही कपिलवस्तुमा "सांख्य दर्शन"का प्रणेता महान दार्शनिक "कपिल मुनि" को आश्रय थियो। सत्य प्रमाणित गर्न कपिल मुनिले दुईवटा उपाय सोचेका थिए - (१) प्रत्यक्ष (२) अनुसन वा तर्क। कपिललाई विश्वको श्रृष्टिकर्ता कोही थिए भन्ने सिद्धान्त स्वीकार्य थिएन। कपिलको भनाइमा संसारका बास्तविक दुइ रूप छन् - (१) व्यक्त (विकसित) (२) अव्यक्त (अविकसित)। व्यक्त तथा अव्यक्त दुवैका कारण हुन्छन् तर दुवैका मूलश्रोत स्वतन्त्र छन् र त्यसमा कुनै कारण छैन। त्यस बखतका दर्शनहरू मध्ये बुद्ध कपिल-दर्शनबाट निकै प्रभावित भएको मानिन्छ किनभने कपिल-दर्शन तर्कसंगत र यथार्थमा आधारित थियो।

गौतम बुद्धका बारेमा अत्यन्त संक्षिप्तमा चर्चा गर्दा उनी ई.पू. ५६३ मा लुम्बिनीमा जन्मेका थिए। उनन्तीस वर्षको उमेरसम्म उनले कपिलवस्तुमा जीवन बिताएका थिए। २९ वर्षको उमेरमा मध्यरातमा उनी दरबार-घरपरिवार परित्याग गरेर विश्वकल्याणको चिन्तनमा अगाडि बढे। ६ वर्षसम्म बोधगयामा गरेको कठोर तपस्या त्यसपछिको ध्यान साधनाबाट उनलाई ज्ञान प्राप्त भयो। त्यसपछि सारनाथमा उनले प्राप्त गरेको ज्ञानको धर्मचक प्रवर्तन गरे। ४५ वर्षको अवधिसम्म नेपाल र भारतको विभिन्न क्षेत्रमा परिभ्रमण गरेर उनले आफ्ना उपदेश प्रदान गरे। अन्तमा ई.पूं. ४८३ मा वैशाख पूर्णिमाको रातको तेश्रो प्रहरमा ८० वर्षको उमेरमा गोरखपुरको नजिक पर्ने ठाउँ कुसिनगरमा उनले महापरिनिर्वाण प्राप्त गरेको बौद्ध दर्शनबाट अवगत हुन्छ। महाभिनिष्कमण, ध्यान, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण बुद्धका महत्वपूर्ण उपलब्धि हुन् भने लुम्बिनी, कपिलवस्तु बौद्ध बोधगया, सारनाथ र कुसिनगर बुद्धकाजन्मदेखि महापरिनिर्वाणसम्मका महत्वपूर्ण पवित्र स्थलहरू हुन्। बुद्धको अन्तिम शब्द थियो -" भिक्षु हो म तिमीहरूलाई स्मरण गराउँछु, सबै संस्कारहरू अनित्य छन्। अप्रमाद्पूर्वक आफ्ने लक्ष्यमा लागिरहू।"

बुद्धले महापरिनिर्वाण प्राप्त गरेपछि कुसिनगरका मल्लहरूले बुद्धको पवित्र शव राखेको पाल्की बोकेर हिरण्यवती नदीको किनारमा चिता बनाए। बुद्धको शरीरमा सुगन्धित द्रव्यहरू लेपन गरे। बती बालेर चिता जलाइयो। बुद्धको शरीरबाट सम्पूर्ण अवयव जलेर भष्म भयो। तर हाड जलेन। मल्लहरूले त्यो हाडलाई सफा गरेर सुवर्ण कलशमा राखी आफ्नो नगरतर्फ लगेर स्थापना गरे। त्यसलाई अस्थि धातु भन्दछन्। पछि छिमेकी सात राजाहरू आएर मल्लहरूसँग अस्थि धातु मागे। मल्ल र सात राजाहरूका बीच अस्थि धातुको निम्ति विवाद भयो। 'द्रोण' नामका ब्राह्मणले बुद्धका उपदेशको स्मरण गराउँदै विवाद साम्य पारे। त्यो अस्थि धातु आठ भागमा विभाजन गरियो। मल्लहरूले सात भाग ती सात राजाहरूलाई दिए। एक भाग आफूसँग राखे द्रोणले अस्थि धातु राखेको घडा र अवशेष भष्म लिए। मल्लहरू र सात राजाले लगेको धातु गर्भित आठ, द्रोणले लिएको घट गर्भित एक र भष्म गर्मित एक समेत गरी दश 'स्तूप' को निर्माण गरियो। त्यस स्तूपलाई बुद्धको प्रतीक मानियो। उपर्युक्त शब्दहरू महाकवि अश्वघोषको 'बुद्ध चरित्र' महाकाव्यमा पाइन्छ। तर डा. भीमराव रामजी अंबेडकरको 'भगवान बुद्ध र उहाँको धर्म' पुस्तकमा भने बुद्धको शव भष्म भएको र त्यही भष्म 'द्रोण'द्वारा विभाजन गरिएर स्तूप निर्माण गरिएको वर्णन छ। पछि राजा अशोकले (ई.सं. २६९-३२) मा तिनै धातुगर्भित स्तूपहरूबाट बुद्धको अस्थि धातु लिएर हजारौं 'स्तूप' बनाउन लगाए। आज पनि यस्ता 'स्तूप' बनाउँदा त्यसको गर्भमा अस्थि धातु राख्ने प्रचलन छ।

अब म बुद्ध धर्मसँग सम्बन्धित केही प्रचलित शब्दहरूका बारेमा प्रकाश पार्न चाहन्छु। शब्दकोश अनुसार 'स्तूप' भनेको माटो, ढुङ्गा आदिबाट बनाएको

अग्लो र मोटो ढिकुरो हो। त्यसभित्र बुद्ध वा बौद्धहरूको दाँत, कपाल, हाड आदि राखिएको हुन्छ। अर्को शब्दमा पावन अवशेष राखिएको बौद्धस्मारक स्मृति चिन्ह हो 'स्तूप'। यस्ता स्तूपहरूमा बुद्धको अस्थि धातु वा भष्म राखिएको हुन्छ। बुद्ध धर्ममा स्तूपलाई पवित्र दर्शनीयस्थल मानिन्छ। यस्तै अर्को शब्द छ 'चैत्य'। यो पनि एक प्रकारको स्मारक नै हो। स्तूप र चैत्यमा फरक के छ भने स्तूप एक प्रकारको खँदिलो वृहत आकारको स्तम्भ हो। तर चैत्यभित्र बुद्धको मूर्ति राखिएको हुन्छ। जैन मन्दिरलाई पनि चैत्य भन्दछन्। 'गोम्पा' बौद्धमार्गी भोटेहरूको मन्दिर हो। यस भित्र बुद्धमूर्ति र अरू प्रतिमा हुन्छन्। यसको अर्को नाम 'घ्याङ' हो। बुद्ध भिक्षुहरू बस्ने ठाउँलाई 'विहार' भन्छन्। विहारमा ध्यान गर्ने ठाउँ अँध्यारा कोठाहरू बनाइएका हुन्छन्। बौद्ध धर्मसँग सम्बन्धित अर्को नाम 'स्तम्भ' हो। जस्तै लुम्बिनीको 'अशोक स्तम्भ'। यो पनि बुद्धको स्मारक प्रतीक हो। यसले इतिहासको सम्झना गराउँछ।

हाम्रो देशको मनाङ, मुस्ताङतर्फ यात्रा गर्दा बाटाघाटाका छेउमा गोल आकारमा ढुंगाद्वारा निर्माण गरिएका स्तूपहरू देखा पर्दछन्। ती स्तूपहरू उक्त क्षेत्रका बौद्ध धर्मावलम्बीहरूले निर्माण गरेका हुन्। चैत्य र गोम्पा भएका ठाउँमा विहार पनि हुन्छन्। किनभने त्यहाँ बुद्धको उपासना गरिन्छ र भिक्षुहरू ध्यान बस्ने गर्दछन्। हाम्रो देशको धेरै ठाउँ, जहाँ बुद्ध धर्मावलम्बीहरू छन्, त्यहाँ कुनै न कुनै प्रकारको 'स्तूप' हामी पाउँछौं। तर चैत्य, गोम्पा र विहार भने बौद्ध धर्मावलम्वीहरूको घनत्व भएको क्षेत्रमा मात्र पाउन सकिन्छ। 'स्तम्भ' चाहिं लुम्बिनी र तिलौराकोटमा मात्र देख्न सकिन्छ। काठमाण्डौको स्वयम्भू र बौद्धमा स्तूप, चैत्य, गोम्पा र विहार छन्। पोखरामा पनि 'शान्ति स्तूप' तथा मनाङ्गे गोम्पा र तिब्बती गोम्पा अनि विहारहरू छन्। बुद्ध धर्मसँग सम्बन्धित सबै प्रकारका स्मारकहरू स्तूप, चैत्य, गोम्पा, विहार र स्तम्भ लुम्बिनीमा मात्र देख्न पाइन्छ। लुम्बिनीमा बौद्धमार्गी देश-चीन, जापान, थाइलैंड, श्रीलङ्का, म्यानमार, कोरिया आदि देशका चैत्य, विहार र स्तूपहरू आ-आफ्नै वास्तुपद्धति अनुसारका दर्शनीय छन्।

स्तूपहरूको वर्णन गर्ने सिलसिलामा महाकवि अश्वघोषले बुद्ध-चरित्रको अठाइसौं सर्गको अन्त्यमा मौर्यवंशीय राजा अशोकको वर्णन गरेको हुँदा अश्वघोष ई.पू. २११ भन्दा पछिका महाकवि मानिन्छन्। बुद्धचरित्र महाकाव्य संस्कृतमा छ। कवि अश्वघोष ब्राह्मण हुन्। उनले वेद, उपनिषद, रामायण, महाभारत आदि हिन्दू दर्शन अध्ययन गरेका थिए। जीवनको उत्तरार्द्धमा उनी बुद्ध धर्ममा दीक्षित भएको पाइन्छ। बुद्ध धर्ममा हीनयान र महायान दुई सम्प्रदाय छन्। अश्वघोष हीनयानी थिए। उनको आदर्श जीवनमुक्त थियो। बुद्ध चरित्रमा आधारित केही उपदेशहरू, जुन बुद्धले आफ्नो अन्तिम समयमा आफ्ना शिष्यहरूलाई दिएका थिए, यस प्रकारमा छन् :-

क) शील नै परम ज्ञान हो, शील नै परम तपस्या हो, शील नै परम धर्म हो, शीलद्वारा नै नैस्ठिक मोक्ष हुन्छ।

ख) तिमीहरूको हृदयमा कहिलेकाहीं अभिमान उदय भयो भने आफ्नो गेरूवा वस्त्र, मुण्डन गरेको शिर र कमण्डलुलाई हेर।

ग) तिमीहरूले विहारमा, पर्वतमा, वनमा जहाँ बसेपनि आफ्नो धर्माचरण गर्नुपर्छ। प्रमादी हुतुहुँदैन।

घ) सबै वस्तु काल आएपछि नष्ट हुन्छन्, मेरो पनि त्यो काल आयो, तिमीहरू पनि शोक त्यागी सक्रिय होऊ।

बुद्धको निर्वाणपछि बुद्ध धर्म हीनयान र महायान दुई सम्प्रदायमा विभाजित भएको छ। नेपालमा दुवै सम्प्रदायका बौद्ध धर्मावलम्बी छन्। कर्मकाण्ड र मूर्ति पूजा बुद्धधर्म अन्तर्गत पर्दैन। तर बज्रयानमा हिन्दूधर्म र बुद्धधर्म दुवैको संमिश्रण पाइन्छ। हीनयानी र महायानी दुवैथरीले बुद्ध प्रतिमाको उपासना गर्दछन्। बुद्धधर्मावलम्बी देश जापानले केही वर्ष यता आएर बुद्धधर्मलाई नै अनुसन्धानको विषय बनाएको छ। बुद्धका उपदेशहरू सत्यतामा आधारित छन्। आफ्नो क्षमता अनुसार मानिसहरू त्यसबाट लाभान्वित हुन सक्दछन्।

❖

# उच्च शिक्षाको विकासमा प्राचीन बुद्ध धर्म

– तिलकमान गुभाजू

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु पूर्व विभिन्न गुरूहरूका आश्रमहरूमा गएर तथा आश्रममा बसेर विद्याध्ययन गरेका थिए। त्यसबेला विद्याध्ययन गर्ने स्थल त्यस्तै आश्रम र गुरूकुलहरू हुन्थ्ये । तिनीहरूमा एक जना गुरूले सीमित संख्यामा विद्यार्थीहरू राखी विद्याध्ययन गराउँथे र पूरा भएपछि घर फर्काउँथे। ती आश्रमहरूमा उपल्लो जातकाहरूलाई मात्र अध्ययन अध्यापनको लागि लिने गरिन्थ्यो; तल्लो र उपेक्षित जातिकाले प्रवेश पाउँदैनथे । त्यस्ता आश्रमहरूले सार्वजनिक स्वरूप पनि ग्रहण गरेका थिएनन् । सिद्धार्थले आश्रम र गुरूकुलको अध्ययन अनुसार योग तपस्या आदिको अभ्यास गरे, तर त्यसबाट सन्तुष्ट हुन नसकि उनले आफ्नै साधनाको मार्गमा लागेर ध्यान भावना गरी आफ्नै प्रयासबाट बोधिज्ञान प्राप्त गरे । बोधिज्ञान प्राप्त गरेपछि उनी बुद्ध कहलिए । बुद्ध भनेको बुद्धि हो । बुद्ध भनेको भगवान बुद्धको शिक्षा हो ज्ञानको शिक्षा हो । त्योभन्दा अगाडि भन्ने हो भने उनको शिक्षा शील, समाधि र प्रज्ञाको शिक्षा हो । शील व्यवहारमा उतार्ने, ध्यान भावनाको अभ्यास गर्ने र गहन साधना गरी निर्वाण प्राप्त गर्नु उनको उद्देश्य हो । यी सबै गर्नका लागि गहिरो अध्ययन र अध्यापनको खाँचो पर्दछ । फेरी समय बिते अनुसार धर्मका शाखाहरू थपिँदै गए र १८ वटासम्म पुग्यो । उति शाखा थपिए, उनी जटिल भई सर्वसाधारणका लागि बुद्ध धर्म बुझ्न पनि कठिन भयो ।

त्यसैले उच्चस्तरको गहन चिन्तन मनन सहितको व्यवस्थित शिक्षाको आवश्यक पर्‍यो । बिहार र संघारामहरूले दिँदै आएको शिक्षादीक्षालाई व्यापक र व्यवस्थित गर्ने उद्देश्यले बिहार प्राङ्गणमा छुट्टै शिक्षण संस्था स्थापना गरिए । त्यसको स्तर बृद्धि गरी विश्वविद्यालय बनाए । त्यसरी विश्व विद्यालयको संस्थापना गरिएकाले तिनीहरूलाई 'मोनाष्टिक युनिभर्सिटी' भन्ने गरियो । त्यसबेला स्थापित त्यस्ता विश्वविद्यालयहरूमा तक्षशीला विश्वविद्यालय, नालन्दा विश्वविद्यालय, विक्रमशीला विश्वविद्यालय प्रमुख थिए । ईसाको पाँचौ शताब्दीपूर्व अर्थात आजभन्दा १५,००-१६,०० वर्ष पहिले स्थापित ती विश्वविद्यालयहरू विश्वको सर्वाधिक प्राचीन र पहिलो विश्वविद्यालय मानिन्छन् । जुनबेला ती विश्वविद्यालयहरू स्थापित भई सञ्चालित थिए, त्यसबेला अन्य विश्वविद्यालयहरू अस्तित्वमा भएको अभिलेख नभएको इतिहासकारहरू बताउँछन् ।

ती विश्वविद्यालयहरूमा मुख्यतया बुद्धधर्मको विभिन्न विषयको पढाइ हुन्थ्यो । तर त्यसको अतिरिक्त, वैदिक धर्मका वेद, वेदाङ्ग, साख्य दर्शन, ज्योतिष, व्याकरण, तर्कशास्त्र, हेतुविद्या, चिकित्सा, संगीत, शिल्प लगाएत धेरै विषयको अध्ययन अध्यापन हुन्थे ।

## नालन्दा विश्वविद्यालय

नालन्दा विश्वविद्यालय सबभन्दा राम्रो र ठूलो थियो । सो विश्वविद्यालय भारतको पटना शहर देखि ९० कि. मि. दक्षिणपूर्व तथा महत्वपूर्ण बौद्ध केन्द्र राजगिरबाट ११ किलोमिटर उत्तरतर्फ वडा गाउँ नजिक नालन्दा भन्ने ठाउँमा अवस्थित थियो । बिहार, विश्वविद्यालय र पुस्तकालयहरू का भवनका भग्नावशेषका जगहरू १४ हेक्टर क्षेत्रमा फैलिएर रहेका छन् । ती सबै हेर्दा विश्वविद्यालयको भव्यता र विशालता सजिलै अनुमान गर्न सकिन्छ । नालन्दाको चर्चा गर्दा त्यसको विगतलाई पनि नियाल्नुपर्ने हुन्छ । नालन्दा भारतको प्राचीन शहरहरू मध्ये एक थियो । त्यो बस्ती बौद्धकालदेखि नै प्रख्यात थियो । भगवान बुद्धका अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायनको जन्मस्थल पनि यही हो । यहाँ तथागत धेरै पटक आएका थिए । त्यसबेला त्यहाँ ठूलो बिहार थियो । जहाँ गहन चिन्तन मनन र पढाइ हुन्थ्यो । विश्वविद्यालयमा प्रवेश पाउन कठिन हुन्थ्यो । प्रवेश परीक्षा विभिन्न साठी भाषाका ज्ञाता द्वारपाल आचार्यहरूले लिने गर्दथे । तिनीहरूमा सामान्यतया तीनदेखि पाँच वर्षसम्मको पढाइ पूरा गरेपछि दीक्षान्त समारोह गरी प्रमाणपत्र प्रदान गरिन्थ्यो । पढाइको समयतालिका पनि घडीको आधारमा विभाजन गरिएको हुन्थ्यो र दैनिक आठ घण्टाको पढाई हुन्थ्यो ।

ती विश्वविद्यालयहरूमा अध्ययन गर्न नेपाल र भारतका अतिरिक्त, सुदूर देशहरूबाट पनि विद्यार्थीहरू वर्षौं लगाएर आउँथे । चीनबाट पनि विद्यार्थीहरू वर्षौं लगाएर आउने गरेका बौद्ध इतिहासमा उल्लेख छ । त्यसरी आउनेहरूले ती विश्वविद्यालयको बारे धेरै लेखेका छन् । त्यसरी लेख्नेमध्ये हुयनसाङको वर्णन अरू तथ्यपरक मानिन्छन् । हुयनसाङ जसले नालन्दा विश्वविद्यालयमा तन्त्र विद्या सिकेका थिए-ले नालन्दाको विषयमा धेरै कुरा लेखेका छन् । उनले नालन्दामा त्यस बेला १०,००० विद्यार्थी अध्ययन गर्ने गरेका तथा १,५०० आचार्यले अध्यापन गर्ने गरेका उल्लेख गरेका छन् । त्यसको साथै १०० जना आचार्य सधैं विद्यार्थीहरूको जिज्ञासा मेटाउन तयार भएर रहन्थे । तिनीहरूमा खाना र बस्नको (छात्रावासको) राम्रो व्यवस्था भएको कुरा पनि हुयनसाङको यात्रा वर्णनमा उल्लेख छ ।

विश्वविद्यालयहरूमा शास्त्रार्थ र वादविवाद गरिन्थ्यो । त्यहाँ प्राज्ञिक काम हुन्थ्यो । विश्वविद्यालयमा अध्ययन र अध्यापन मात्र होइन्, त्यहाँ महत्वपूर्ण ग्रन्थहरूको रचना हुन्थ्यो र पहिले लेखिएका ग्रन्थहरूको अन्य भाषामा अनुवाद गर्ने काम पनि गरिन्थ्यो । विश्वविद्यालयका आचार्यहरू र विद्यार्थीहरू बेला-बेलामा अन्य देशहरूमा गएर धर्म दर्शन सम्बन्धी व्याख्या गर्ने पनि गर्दथे । नेपालबाट थुप्रै विद्यार्थी त्यहाँ उच्च शिक्षा अध्ययन गर्न जाने गर्दथे । त्यस्ता विश्वको महत्वपूर्ण विश्वविद्यालयहरू मुसलमानहरूको आक्रमणमा परी १२ औं शताब्दीमा नष्ट भ्रष्ट भए । आक्रमणकारीले आगो लगाएर त्यहाँका किताब स्वाहा पारे ।

सम्राट अशोक त्यहाँ गएर सारिपुत्र चैत्यमा पूजा गरेको र ठूलो बिहार र चैत्य बनाइदिनुभएको तिब्बती इतिहासकार तारानाथको ग्रन्थमा पनि लेखिएको छ । अशोकले निर्माण गरेको ठूलो बिहारमा उच्च शिक्षाको समेत पठनपाठन हुन्थ्यो । पछि त्यो उच्च शिक्षा केन्द्रको रूपमा विकसित भयो । जहाँ ठूल्ठूला पण्डितहरू पनि पढ्न आउँथे । दोस्रो शताब्दीका महान दार्शनिक नागार्जुनले पनि त्यहाँ शिक्षा पाएका थिए र पछि उनी सोही केन्द्रको प्रमुख आचार्य समेत भए ।

इतिहासमा चर्चाको शिखरमा पुगेको नालन्दा बिहार परिसरमा पाँचौ शताब्दीको पूर्वार्द्धमा विश्वविद्यालय स्थापना गरियो । मगधका गुप्त सम्राट शुक्रदित्य (जो पछि भिक्षु भई कुमार गुप्त नामले प्रख्यात हुनुभयो) ले इस्वी सम्वत् ४२५ मा विश्वविद्यालयका भवनहरू निर्माण गर्नु भएको थियो । उनीपछि उनका छोरा राजा बुद्धगुप्त, बुद्धगुप्तपछि तथागत गुप्त बालादित्य, बज्र र कन्नौका राजा हर्षवर्द्धनले तथा बंगालका पालवंशीय राजाहरूदेखि सुमात्रा देशका राजा बालपुत्रले समेत आ-आफ्नो पालामा विश्वविद्यालयका भवनहरू बनाइदिने र अन्य बन्दोबस्तीका सामग्रीको व्यवस्था गर्ने गरेका थिए । राजा हर्षवर्द्धनले १०० गाउँको आम्दानी विश्वविद्यालयलाई दिएर रासन, दूध, घ्यूको प्रबन्ध समेत गरिदिएका थिए ।

हुयनसाङले नालन्दा विश्वविद्यालयमा तन्त्रविद्या सिकेका थिए भने उनी पछि सन् ६७३ मा आएका चिनियाँ विद्वान् इत्सिङले पनि केही वर्ष विद्याध्ययन गरेका थिए । इतिहासमा ख्याति प्राप्त शीलभद्र, आर्यदिव, शान्तरक्षित बसुबन्धु आर्यअसंग, दिग्नांग, धर्मकीर्ति नेपालका कमलशील, अतिसा, दीपंकर लगाएतका आचार्यहरूले त्यहीं अध्ययन गरेका थिए । उनीहरू त्यहाँ आचार्य पनि भएका थिए । उनीहरू मध्ये धेरै धर्म प्रचार गर्न टाढा टाढा देशमा पनि पुगेका थिए । तिब्बेती राजाको निम्तोमा शान्तरक्षित तिब्बत गएका थिए । पछि पद्मसम्भव गए, जसलाई लामावादको जन्मदाता भनिन्छ । आचार्यहरूले विशाल एवम् ठूल्ठूला ग्रन्थहरूको रचना गर्दथे, अन्य भाषाहरूमा अनुवाद गर्दथे र माँग भए अनुसार अन्य देशमा गएर धर्मको प्रवचन दिएर धर्म सेवा पनि गर्दथे । ती विद्वानहरूले बुद्ध धर्म र बौद्ध ग्रन्थ भण्डारमा नयाँ-नयाँ दृष्टिकोणबाट हेरेर बौद्ध ग्रन्थ भण्डारमा नयाँ नयाँ आयाम थपेर बौद्ध ग्रन्थ लेख्ने गर्दथे । आचार्य आर्य असङ्गले बौद्ध दर्शनलाई विज्ञानको नजिक ल्याएर व्याख्या गरे भने आचार्य दिग्नागले बौद्ध न्यायको प्रतिपादन गरे । यस्तै अरूले पनि आ-आफ्नो क्षेत्रमा नयाँ कीर्ति राखेका थिए । नालन्दा विश्वविद्यालयमा १० हजार विद्यार्थी र १,५०० शिक्षक भएको उल्लेख छ । हुयनसाङका अनुसार सो विश्वविद्यालयमा बुद्धधर्मका १८ शाखाका विभिन्न विषयको साथै व्याकरण, वेद वेदाङ्ग, तर्कशास्त्र, हेतुविद्या,

चिकित्सा, साहित्य, संगीत, कला, सांख्य दर्शन, शिल्प, ज्योतिष, विज्ञान, कृषि लगाएत २९ विषयमा अध्ययन अध्यापन हुने गरेको बताएका छन् । विद्यार्थीहरू बीच गरमागरम वादविवाद र शास्त्रार्थ गर्ने प्रचलन थियो । जसले उनीहरूको तर्क शक्ति, ज्ञान र शिक्षाको गुणस्तर बढाउथ्यो ।

एक प्रचलित अभिलेख अनुसार हुयनसाङले डेढ दशक अध्ययन अध्यापन गरी ६५७ ग्रन्थहरूको प्रतिलिपि तथा उनीहरूपछि आएका ईत्सिङले पाँच लाख श्लोक बराबरको ४०० ग्रन्थहरूको प्रतिलिपि आफ्नो देश लगेका थिए ।

नालन्दा विश्वविद्यालयमा ग्रन्थहरूले भरिएका छुट्टाछुट्टै तीनवटा विशाल पुस्तकालयहरू थिए । जसलाई रत्नसार, रत्नोधि र रत्नरञ्जक भनिन्थ्यो । ती पुस्तकालयहरूमा महत्वपूर्ण एवं दुर्लभ ग्रन्थहरू थिए । जसलाई मुसलमान आक्रमणकारीहरूले आगो लगाई जलाइदिएका थिए । भनिन्छ, ती पुस्तकालयहरूमा तीन महिनासम्म आगो लागेको थियो । त्यहाँका महत्वपूर्ण केही किताबहरू विद्यार्थी र आचार्यहरूले नेपाल, तिब्बतसम्म पुऱ्याएका थिए । यस्तो महत्व बोकेको नालन्दा विश्वविद्यालय मुसलमानहरूको आक्रमणको कारण ई.स.१२३६ मा नष्ट भएको थियो ।

हाल त्यसको नजिकै भारत सरकारले नव-नालन्दा विश्वविद्यालय स्थापना गरेको छ । त्यसमा सार्क राष्ट्रका विद्यार्थीहरू पनि अध्ययन गराउने वातावरण बनाउँदैछ ।

## तक्षशीला विश्वविद्यालय

तक्षशीला प्राचीनकालदेखि नै महत्वपूर्ण शिक्षाकेन्द्रको रूपमा थियो । बुद्धकालमा पनि यसको ख्याति रहेको इतिहासमा वर्णित छ । जतिपछि भयो, उति यसको विकास र विस्तार भयो । विश्वविद्यालयका रूपमा यसको ख्याति सुदूर टाढासम्म फैलिएको थियो । तक्षशीलामा पढेका भनेपछि त्यसको महत्व नै अर्कै हुन्थ्यो । कोशलनरेश प्रसेनजित, मगधका ख्याति प्राप्त वैद्य जीवक, व्याकरणका पण्डित पाणिनि, आचार्य कौटिल्य, तथा चन्द्रगुप्त मौर्य तक्षशीलाका स्नातक थिए । तक्षशीला विश्वविद्यालयमा बौद्ध दर्शनका साथै विद्यार्थीको रूचि अनुसार वेद, वेदाङ्ग, ब्राम्हण संहिता, लौकिक साहित्यमा अर्थशास्त्र, वाणिज्य शास्त्र, कृषि, पशुपालन, शिल्पविद्या आदि र गृहस्थीहरूका लागि चाहिने उपयोगी विषयहरू पनि समावेश गरिएको थियो । त्यसबेला मुद्रा शास्त्र भनेर लेखा, गणना र रूपका विषयमा पनि पठन-पाठन हुन्थ्यो । मिलिन्द-प्रश्नमा धनुर्विद्या, रण विद्या, मन्त्र विद्या समेतको पढाइ हुने गरेको लेखिएको छ । सम्राट कनिष्कले यसको लागि ठूलठूला भवनहरू निर्माण गरिदिएका थिए । अहिले पाकिस्तानी क्षेत्रमा पर्ने यो विश्वविद्यालयको सातौं शताब्दीमा चरम विकास भएको थियो । मुसलमानहरूको गिद्दे दृष्टि परेपछि यसको तोडफोड गरियो र शताब्दीयौं देखि प्रज्वलित शिक्षाको दियो सदाका लागि निभ्यो ।

## विक्रमशीला विश्वविद्यालय

विक्रमशीला पनि एक प्रशिद्ध प्रचीन विश्वविद्यालय थियो । त्यो विश्वविद्यालय वर्तमान भारतको भागलपुरदेखि २४ मील पूर्वतिर गंगाको किनारमा पहाडी चट्टानमा अवस्थित थियो । त्यसको स्थापना बंगालका राजा धर्मपालले आठौं शताब्दीमा गरेका थिए । ख्याति प्राप्त विद्धान् दीपकर श्रीज्ञान ११ औं शताब्दीमा यसको प्रमुख आचार्य थिए । तिब्बतबाट समेत त्यहाँ विद्यार्थीहरू अध्ययन गर्न आउँथे । त्यहाँका धेरै ग्रन्थहरू तिब्बती भाषामा अनुवाद गरिएका थिए । तिब्बती राजाको निमन्त्रणामा दीपंकर श्रीज्ञान आफै तिब्बत गएर ठूलो प्रभाव पारेका थिए । सो विश्वविद्यालय अन्तर्गत छ महाविद्यालयहरू रहेको उल्लेख छ । ईसाको ११ औं १२ औं शताब्दीमा यसको ख्याति उच्च थियो । यस्तैमा मुसलमानी आक्रमणकारी अख्तियार खिल्जीले त्यसलाई विरोधीको किल्लाजस्तै गरी अस्तित्व नै मेटाउने उद्देश्य लिएर नष्ट गरे । भनिन्छ, सो आक्रमणमा आचार्य शाक्य श्रीभद्र पनि मारिएका थिए ।

माथि उल्लेखित विश्वविद्यालयका अतिरिक्त अन्य विश्वविद्यालय र महाविद्यालय पनि थिए । ती मध्ये ओदन्तपुरी विश्वविद्यालय, जगद्दल महाविद्यालय, जयेन्द्र महाविद्यालय आदि प्रमुख थिए । ती विश्वविद्यालय संचालन भएको बेलामा बुद्ध धर्म र दर्शनको प्रचार प्रसार व्यवस्थित र तीब्ररूपले भएको थियो । सद्धर्मको

सन्देश टाढा- टाढा सम्म पुऱ्याउने काम भएको थियो । फेरि ती विश्वविद्यालय बुद्ध धर्मका गतिविधिमा मात्र सीमित थिएनन् । तिनीहरूले भारतीय शिक्षा, दर्शन, सभ्यता र संस्कृतिको संरक्षण सम्बर्द्धन र श्रीबृद्धिमा पनि उत्तिकै योगदान पुऱ्याएका थिए । सिंगो पूर्वीय दर्शनमा नयाँ आयाम थपेर त्यसलाई गहकिलो र खदिलो पार्नमा पनि तिनीहरू त्यतिकै सहायकसिद्ध भएका थिए । यस किसिमले पूर्वीय दर्शनको सिंगो धरोहरका रूपमा रहेका तथा एशिया महादेशको गौरव गाथा बोकेका विश्वविद्यालय महाविद्यालयहरू १२ औं र १३ औं शताब्दीमा नष्ट गरिए । त्यसको साथै नेपाल र भारतमा बुद्ध धर्मको पनि पतन भयो । त्यसबेलादेखि १८ औं शताब्दीसम्म करिब ५०० वर्ष बुद्ध धर्मको अन्धकार युगमा भारतवर्षमा एउटा पनि विश्वविद्यालय, महाविद्यालय स्थापना भएन । बुद्ध धर्मको पुनर्स्थापना नभएसम्म त्यो कालखण्ड उच्च शिक्षाको दृष्टिबाट समेत अन्धकार रह्यो । यसबाट पनि प्रष्ट हुन्छ कि त्यसबेला उच्च शिक्षाको विकास र विस्तारमा प्राचीन बुद्धधर्मको योगदान अद्वितीय एवम् ऐतिहासिक थियो ।

❖


विजयादशमी तथा
शुभदीपावली-२०६६ को सुखद्
उपलक्ष्यमा हामी
हाम्रा समस्त ग्राहकमहानुभावहरूमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।



हिरालाल शाक्य
पृथ्वी सुनचाँदी दुकान
पृथ्वीचोक, पोखरा



Best wish on the
auspicious occasion
of
VIJAYA DASHAMI
2066



GAUTAM MACHINERY
TOOLS
New Road, Pokhara
Tel.: 540505, 531283



Best wish on the
auspicious occasion of
VIJAYA DASHAMI-2066
TEJ
DEPARTMENTAL
STORES
Pardi, Birauta, Pokhara-17
Tel: (061)460551, 460367
e-mail : tejgroup@wlink.com.np
Deals With Provision, Groceries And
Cosmetics Goods....

# धम्म विजयको दिन विजयादशमी

- आस्था

विश्व शान्तिका नायक महामानव गौतम बुद्धले प्रतिपादन गर्नुभएको विश्व शान्तिको शिक्षाले सुसज्जित बुद्ध, धर्म र संघको प्रचार प्रसार र चिरस्थायित्वका लागि तत्कालीन मगध राज्य र त्यसका ऐतिहासिक धर्मप्रिय साहसी राजाहरूको देनलाई मानव इतिहासले स्वर्णाक्षरले वयान गरेको छ। त्यसमा पनि बुद्ध शासनको बिस्तार र स्थायित्वमा मगध सम्राट अशोकको देन अतुलनीय रहेको सर्वविदित छ। सम्राट अशोकको कुशाग्र बुद्धि, अतुलनीय कुटनीतिक चातुर्य, र अद्धितीय साहसिक रणकौशलको परिणाम स्वरूप पिता राजा विन्दुसारले लाख प्रयत्न गर्दा पनि जित्न नसकेको कलिङ्ग राज्यलाई युद्धमा जिती मगध राज्यमा मिलाए। इ.पू. २६१ मा कलिंग युद्धमा भीषण रक्तपात र नरसंहार भयो, जसमा एकलाखभन्दा बढी मानिस मारिए एकलाख पचास हजारभन्दा बढी बन्दी बनाइए। भनिन्छ कलिंग युद्धमा त्यहाँका महिलाहरूले पनि सैनिक पोशाक लगाएर आफ्नो राज्य स्वतन्त्रताका लागि वलिदान गरेका थिए। त्यस युद्धमा श्रमण, ब्राम्हणको पनि संहार भएको थियो। कलिंग युद्धको त्यो हृदयविदारक हिंसा र नरसंहारको आगो बल्यो सम्राटको तनमनमा, उनी बेचैन भए।

एकदिन सम्राट अशोक महामन्त्री राधागुप्तसँग कलिंग युद्धको बारेमा छलफल गर्दै थिए, त्यसै समय एक सैनिकले कराहीमा भकभकी उम्लिएको तेलमा पकाउँदा पनि एक भिक्षु नमरेको आश्चर्यपूर्ण समाचार सुनाए। तब राजा स्वयं गई हेर्दा भिक्षु शान्त मुद्रामा "नमो:बुद्धाय" जप्दै समाधिमा लीन रहेको भेटे र भिक्षुसँगको सम्वादपछि भिक्षु समक्ष आफूले अत्याचार गरेको र आफ्नो हार भएको स्वीकार्दै भिक्षु प्रति नतमस्तक हुँदै उनको उपदेशले राक्षसलाई मानवमा परिवर्तन गर्ने विश्वास गर्दै आफूले आइन्दा कहिल्यै तरवार नउठाउन प्रण गरे।

राजमहलमा विराजमान सम्राट अशोकको आँखासामु जहिले पनि कलिंग युद्धको तरवारले मानिस काटेको हृदय विदारक दृष्य र कानमा युद्धमा मारिएका सैनिक, महिला, श्रामणेर, ब्राम्हणका चित्कारले सताउन थाल्यो। यसै क्रममा एकदिन उनले श्रामणेर न्यग्रोध शान्तिपूर्वक हिंडिरहेको देखे। उनमा धर्म संवेग उत्पन्न भयो। उनले श्रामणेर न्यग्रोधलाई दरवारमा आमन्त्रण गरी उचित आसनमा बसालेर आदरपूर्वक भोजन गराए पश्चात श्रामणेरले उनलाई धम्मपद अप्पमाद वर्गको उपदेश दिए। जुन निम्नप्रकार छन् :

**अप्पमादो अमतपदं पमादो मच्चुनो पदं।**
**अप्पमत्ता न मीयन्ति ये पमत्ता यथा मता॥ १॥**

अर्थ: अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो, प्रमादीहरू मर्ने झैं अप्रमादीहरू मर्दैनन्।

**एव विसेसतो ञत्वा - अप्पमादम्हि पण्डिता।**
**अप्पमादे पमोदन्ति-अरियानं गोचरे रता॥२॥**

अर्थ: आर्य धर्ममा नियुक्त भएका पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो, त्यसलाई देखेर अप्रमादी हुनुमा नै विशेष् रूचि देखाउँछन्।

**ते झायिनो साततिका- निच्चं दल्ह-परक्कमा।**
**फुसन्ति धीरा निब्बानं-योगक्खेमं-अनुत्तरं॥३॥**

अर्थ: धैर्य राख्न सक्ने ध्यानीहरूले आफ्नो वीर्य (साहस) लाई ध्यानको सहाराले बढाएर, जन्म मरण रहित निर्वाण पद र अनुत्तर योगक्षेम प्राप्ति गर्दछन्।

**उट्ठानबतो सतिमतो-सुचिकम्मस्स निसम्मकारिनो।**
**सञ्ञतस्स च धम्मजीविनो-अप्पमत्तस्य यसोभिवड्ढति॥४॥**

अर्थ: उद्योगी स्मृतिवान भई शुभकाम राम्रोसँग गरी संयमी भएर धार्मिक जीवन विताई अप्रमादी हुने व्यक्तिको यश बढ्दछ।

**उट्ठानेनप्पमादेन - संयमेन दमेन च।**
**दीपं कयिराथ मेधावी-यं ओघो नामिकीरति॥५॥**

अर्थ: बुद्धिमानले संयम र चित्त दमन गरी अप्रमादी

भएर बाढी आए पनि हत्याउन नसक्ने टापू बनाउनुपर्दछ ।

**पमादम' नुयुञ्जन्ति - वाला दुम्मेधिनोजना ।**
**अप्पमादञ्च मेधावी - धनं सेट्ठव रक्खति ॥६॥**

अर्थः मूर्खहरू प्रमादी हुन्छन्, पण्डितहरू सेठले धन रक्षा गरे झैं अप्रमादलाई रक्षा गर्दछन् ।

**मा पमादम नुयुञ्जेथ-मा कामरतिसन्थवं ।**
**अप्पमत्तो हि झायन्ते-पप्पोति विपुलं सुखं ॥७॥**

अर्थः प्रमादी नहोऊ, काम विषयमा आसक्त नहोऊ, अप्रमादी भई ध्यान गऱ्यो भने विपुल सुख प्राप्त हुन्छ ।

**पमादं अप्पमादेन - यदा नुदति पण्डितो**
**पञ्ञापासादमा' रूय्ह - असोको सकिनिं पजं ।**
**पब्बतट्ठो व भुम्मट्ठ-धीरो वाले अवेक्खति ॥८॥**

अर्थः जुन वखतमा पण्डितले प्रमादलाई अप्रमादले जितेर आफू शोक र तापबाट रहित हुन्छ, त्यसबखत उसले प्रज्ञारूपी उच्च प्रासादमा बसी शोक संतप्त प्राणीहरूलाई पहाडको टुप्पाबाट पहाडमुनि बस्ने मानिसलाई देखे झै देख्दछ ।

**अप्पमत्तो पमत्तेसु - सुत्तेसु बहुजागरो ।**
**अवलस्सं 'व सीघस्सो-हित्वा याति सुमेधसो ॥९॥**

अर्थः प्रमादीहरूमा अप्रमादी, निद्रालुहरूमा अनिद्रालु र वलहीन घोडाहरूमा सबल घोडा अगाडि गए झैं बुद्धिहीन व्यक्तिहरू मध्ये बुद्धिमान पूर्वगामी हुन्छ ।

**अप्पमादेन मघवा - देवानं सेट्ठतं गतो ।**
**अप्पमादं पसंसन्ति-पमादो गरहितो सदा ॥१०॥**

अर्थः अप्रमादी हुनाले इन्द्र देवताहरूका राजा भए, अप्रमादको प्रशंसा हुन्छ, प्रमादको सधैंभरि निन्दा हुन्छ

**अप्पमादरतो भिक्खु - पमादे भयदस्सि वा ।**
**सयोनजं आणुं थूलं-डहं अग्गी'व गच्छति ॥११॥**

अर्थः प्रमादमा डर मानी अप्रमादमा मन लगाउने भिक्षुले फेरि-फेरि जन्म लिनुपर्ने सानो ठूलो जुनसुकै संयोजनलाई पनि आगोले भस्म गरे झैं भस्म गर्दछ ।

**अप्पमादरतो भिक्खु - पमादे भयदस्सि वा ।**
**अभब्बो परिहानाय-निब्बानस्से'व सन्तिके ॥१२॥**

अर्थः प्रमादमा डर मानी अप्रमादमा मन लागाउने भिक्षुको खराव गति हुँदैन, ऊ निर्वाणको नजिकै आइपुग्दछ ।

हो न्यग्रोध श्रामणेरका यिनै उपदेशहरूले कलिंगयुद्धले छियाछिया भएको सम्राट अशोकको मुटुलाई जोडिदियो । पुरूष भेषमा लडेका विरांगनाहरूको लासले जलाएको छातीमा शीतलता प्रदान गऱ्यो । साँच्चै भन्ने हो भने तरवारको धार र युद्धको आडले विश्व विजय गरी एकताको सुत्रमा जनतालाई बाँधि अमरत्व प्राप्त गर्ने वेहोश महत्वाकांक्षाबाट झल्याँस्स व्युँझिए सम्राट अशोक । आखिर तत्कालीन मानव बस्तीमा दया, करूणा र शान्तिको सूर्यदय भएरै छाड्यो । त्यसदिन सम्राट अशोकले बुद्ध धर्मको दीक्षा लिने उद्देश्यले श्रामणेर न्यग्रोध समक्ष भिक्षुसंघ सहित भोजनको निम्ति हार्दिक आमन्त्रण गरे ।

भोलिपल्ट आफ्ना आचार्य भिक्षु उपगुप्त र ३२ भिक्षुहरू सहित श्रामणेर राजमहलमा उपस्थित भए । सम्राट अशोकले प्रसन्न चित्तले भिक्षु संघलाई आफ्नै हातले भोजन गराए । भोजन पश्चात भिक्षु उपगुप्तद्वारा धर्मदेशना भयो । सम्राट अशोकले सम्पूर्ण राजपरिवार सहित बुद्ध, धर्म र संघको शरणागत उपासकत्त्व ग्रहण गरे । **सम्राट अशोकको जीवनमा यस अपूर्व घटना घटेको दिन आश्विन शुक्ल दशमीको दिन थियो** । सोही समयदेखि यस दिनलाई युद्ध र नरसंहार माथि सद् धर्मको विजय भएको दिनको रूपमा मगध राज्य भरी नै श्रद्धाकासाथ धुमधामले मनाउन थालियो । त्यसपछि सम्राट अशोकले बुद्धद्वारा उपदेशित दश राजधर्म अनुसार राज्य मात्र गरेनन्, शुद्धरूपले प्राणीमात्रको

हित र सुखका लागि धर्म प्रचारको अभियान नै संचालन गरे जीवनभर । फलस्वरूप बुद्ध धर्मले भारतवर्षमा मात्र सीमित नरहि अन्तर्राष्ट्रिय धर्मको रूप लियो । आज हामी पनि महामानव गौतम बुद्ध नेपालमा जन्मिएका हुन् भनी विश्वसामु लुम्बिनीमा रहेको अशोक स्तम्भ सहित गर्व गरिरहेका छौं ।

यस ऐतिहासिक पृष्ठभूमिलाई मध्यनजर गर्दै **सम्पूर्ण बौद्धमार्गीहरू विजयादशमीको दिनलाई अहिंसा पर्वको रूपमा मनाउँदछन् । यसदिनमा पशुबलि दिनु हुँदैन, कहिल्यै पनि प्राणीघात गर्नुहुँदैन** । विना हिंसा पनि पर्वहरू उल्लासपूर्ण वातावरणमा मनाउन सकिन्छ । तर अफशोच ! लामो समयको गृहयुद्ध पश्चात शान्ति प्रक्रियामा अभिमुख नेपालको राजनीतिमा विजयादशमीकै नजिक जिम्मेवार नेताहरूले देशमा पुनः जनविद्रोह गर्ने र हतियारको होडबाजी गर्ने संकेतपूर्ण भाषणहरू दिंदै हिडेको समाचार सुन्नुपर्दा शान्तिप्रेमी नेपालीहरूको दशैं उत्साहमा नैरास्यता आएको छ । माओवादी नेता पुष्पकमल दाहालले नेपाली सेनासँग भएका हेलिकोप्टर बाहेक सम्पूर्ण हतियार आफूसँग भएको अभिव्यक्ति समाचारमा सम्प्रेषण भइरहँदा निर्दोष नेपाल आमालाई आफ्नो क्षमतावान् पुत्रसँग प्रश्न गर्न मन लागिरहेको छ कि के उनीहरूसँग, उनीहरूले विगतमा मारेका कुनै एकजना मात्र नेपालीलाई ब्युँताउन सक्ने अत्याधुनिक सृजन यन्त्र पनि छ कि ? अथवा विना आमा मानवजीवन प्रादुर्भाव गर्न गराउन सक्ने अत्याधुनिक उद्योग पनि छ कि ? छैन भने उनीहरूलाई शान्तिप्रेमी आमाका सन्तानहरू मार्ने खालको युद्ध गर्ने अनुमति कसले दियो ? के शान्तिभूमि नेपालको कुनै पनि समस्याको समाधान खोज्ने शान्तिपूर्ण बाटो छैन ? यस विजयादशमी २०६६ ले हाम्रा इमान्दार जनसमर्पित नेताहरूको मानसिकतामा परिवर्तन ल्याइदेओस् । चण्डाशोक धर्माशोकमा परिवर्तन भए जस्तै नेपाल भूमिका सबै सत्यवादी सन्तानहरू इमान्दार, कर्तव्यपरायण, कर्मठ हुँदै विश्वशान्ति अभियानमा लाग्न सकून्, हिंसा प्रवृत्तिलाई बढावा नदिइ आफूमा निहित अकुशल कर्मको वध गरी कुशल कर्म गर्न सबै नेपालीलाई प्रेरणा मिलोस् ।

सबैको मंगल होस् ।

("महान् सम्राट अशोक": लेखक मधुकर विपलायन पुस्तकमा आधारित)


**सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन**

**विजयादशमी**


**हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना गर्दछु ।**

**शेखरमान बुद्धाचार्य**

**मोहरियाटोल, पोखरा**



***विजयादशमी* तथा *शुभदीपावली-२०६६* को सुखद् उपलक्ष्यमा हामी हाम्रा समस्त ग्राहकमहानुभावहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**



*कुलामान बुद्धाचार्य*

**स्वराज गहना गृह**

**मोहरियाटोल, पोखरा**

हिंसारहित चाड मनाउनु हाम्रो चाहना !

विजयादशमी-२०६६ को शुभकामना !!



# युवा बौद्ध संघ



## धर्मशीला बुद्ध विहार

धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोन: ५२०५१७

---

सम्पूर्ण सदस्य तथा शुभ-चिन्तक महानुभावहरूमा

***विजयादशमी* तथा *दीपावली-२०६६* को**

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौं ।





केवल गवाली

शाखा प्रबन्धक तथा

# ओरेण्टल को-अपरेटिभ लि. परिवार

पोखरा-९, नयाँबजार

फोन: ०६१-५२५४५६

१२%
वार्षिक ब्याज
१ वर्षे मुद्दतीमा

---

सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन विजयादशमी हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना छ ।

# बौद्ध उपासिका संघ

## धर्मशीला बुद्ध विहार

धर्मशीला मार्ग, नद्दीपुर, पोखरा, फोन: ५२०५१७

बौद्ध दृष्टिमा विजयादशमी अहिंसा पर्व हो ।

सम्राट अशोकले युद्धको विभीषिका अववोध गरी बुद्धधर्ममा लागेको दिन ***विजयादशमी*** हो । त्यसैले यो अहिंसा दिवस हो । यस दिवसको उपलक्ष्यमा नेपालबाट हत्या, हिंसा, आतङ्क, बलिप्रथा सधैंका लागि अन्त होस् भनी कामना छ ।

# दायक सभा

# धर्मशीला बुद्धविहार

धर्मशीला मार्ग, नदीपुर, पोखरा, फोनः ०५१-५२०५१७

# हार्दिक श्रद्धाञ्जलि



जन्म
१९९०/०७/१२ गते

देहावसान
२०६६/०५/०९ गते

स्व. इन्द्रकुमारी सि.के.

धर्मशीला बुद्धविहार ज्ञानमाला संघका सदस्य तथा बौद्ध उपासिका संघका सदस्य पोखरा नदीपुर निवासी इन्द्रकुमारी सि.के.को असामयिक निधन भएकोमा धर्मचक्षु परिवार उहाँको परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

उहाँले [illegible] समय बुद्धविहारको सेवा गरी पुण्यलाभ गर्नुभएको छ । त्यो पुण्यलाभको फलस्वरूप उहाँको सुखावती भुवनमा [illegible] होस् भन्ने कामना गर्दछौं ।

## धर्मचक्षु परिवार

## धर्मशीला बुद्धविहार, पोखरा

का.जि.द.नं. २१/६६/६७ प.क्षे.हु.द.नं.


## *बौद्ध दृष्टिमा विजयादशमी अहिंसा पर्व हो ।*

**सम्राट अशोकले हत्याहिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन *विजयादशमी* हो । यस दिवसको उपलक्ष्यमा नेपालमा हत्याहिंसा र बलिप्रथाको अन्त भई सुखशान्ति छाओस् ।**

**आरोग्य र वैभवले पूर्ण होस् ।**

**यही शुभकामना व्यक्त गर्दछौं ।**

# तमु बौद्ध पौवा बौद्ध सदन

**बुद्धटोल, लेखनाथ नगरपालिका-२**

**अर्घौं, कास्की**

*बौद्ध दृष्टिमा विजयादशमी अहिंसा पर्व हो ।*

सम्राट अशोकले हत्याहिंसाको मार्ग त्यागेर अहिंसा धर्ममा लागेको दिन विजयादशमी हो । यस दिवसको उपलक्ष्यमा नेपालमा हत्याहिंसा र बलिप्रथाको अन्त भई सुखशान्ति छाओस् । आरोग्य र वैभवले पूर्ण होस् । यही शुभकामना व्यक्त गर्दछौं ।

# THE UNITED GOLD MART (P.) LTD.

## *Gold & Silver Shop*

Pokhara, Nepal

Estd.: 2009

०६१-५२२४२९-मोहरियाटोल (कञ्चन हाउस), ०६१-५२०३९५-मोहरियाटोल (शेरमान हाउस), ०६१-५२२५४८-चिप्लेढुङ्गा, ०७५-५२०२३५-मखनटोल, पाल्पा

चाँदी शाखा: ५२१५४८-मोहरियाटोल (एम कञ्चन हाउस), ५२२५४८-चिप्लेढुङ्गा

सम्पूर्ण ग्राहकको सुझावलाई ध्यानमा राखी यहाँहरूकै सुविधाका लागि एकै स्थानबाट हरेक गहना पाइने एकमात्र नाम *'युनाइटेड गहना'*

यस संस्थासँग आवद्ध फर्महरू:

१) ***कञ्चन आभूषण***, विमलमान गुभाजू-०६१-५२२४२९

२) ***पोखरा गहना पसल***, पुष्पमान बुद्धाचार्य-०६१-५३८४८८

३) ***शेरमान एण्ड सन्स***, पोखरा, समरमान-०६१-५२४८२०, तीर्थमान-०६१-५२३३३६, दीर्घमान बुद्धाचार्य-०६१-५२०३९५

४) ***नवरत्न सुनचाँदी दुकान***, विकलमान बुद्धाचार्य-०६१-५२०४८८

५) ***एम-कञ्चन सुनचाँदी दुकान***, महेन्द्रमान गुभाजू-०६१-५२१५४८

६) ***न्यू पोखरा गहना पसल***, ईश्वमान बुद्धाचार्य-०६१-५२६००७

७) ***शेरमान एण्ड सन्स***, काठमाडौं, टंकमान बुद्धाचार्य-०१-४२२३६९८

८) आकाश बज्राचार्य, काठमाडौं